म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३३० बुधबार २६ असार २०८१ ने. सं. ११४४ दिल्लाथ्व 10 July 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बाली क्षति भएका मनहरीका कृषकले पाए राहत

हेटौंडा, २५ असार/मनहरी गाउँपालिका-३ का बाली क्षति भएका २१ कृषकले गाउँपालिकाबाट राहत प्राप्त गरेका छन् । मंगलबार वडा कार्यालयले एक कार्यक्रमको आयोजना गरी बाली क्षति भएका २१ जना कृषकलाई राहत दिएको हो । चालु आर्थिक् वर्ष २०८०/८१ मा वडाको सिलिङ बजेटमा नै बाली क्षति भएका कृषकका लागि राहतको व्यवस्था गरिएको वडाअध्यक्ष अनन्तप्रकाश अर्यालले जानकारी दिए । तरकारी पकेटक्षेत्रको रुपमा रहेका हाँडीखोलाका कृषकले चैत वैशाखमा लगाएको तरकारी विपद्का कारण क्षति हुने गरेको छ । कृषकले दु:ख गरेर लगाएको बालीनाली विपद्का कारण क्षति हुने भएकाले उनीहरुको मिहिनेतलाई थोरै भए पनि राहत मिलोस् भन्ने उद्देश्यले राहत वितरण गरिएको वडाअध्यक्ष अर्यालले बताए । कृषकलाई जनही १०/१० हजारका दरले राहत वितरण गरिएको थियो ।

# खर्चन असार नै कुर्नुपर्ने मानसिकतामा बागमती सरकार

साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ सरकारको नीति तथा कार्यक्रम र बजेट खर्चको तालमेल मिलाउन नसक्दा हरेक वर्ष असारमा मात्रै बजेट खर्चने प्रबृत्तिमा सधार आउन सकेको छैन । वर्षदिनभरि चुपचाप बस्ने असार लागेपछि हतारहतारमा रकम खर्चने पुनराबृत्तिान सुधार हुनुपर्ने आवाज उठेको छ ।

प्रदेश सरकारले असारमा मात्र १३ अर्ब ३८ करोड रुपैयाँ बजेट खर्च गरेको कार्यालयको तथ्यांक छ । यो तथ्यांक असार २४ गते सोमबारसम्मको हो । प्रदेश सरकारले जेठ मसान्तसम्ममा कूल बजेटमध्ये ३२ अर्ब २९ करोड रुपैयाँ खर्च गरेको थियो । १७ असारसम्म प्रदेश सरकारका बिभिन्न निकायले ३७ अर्ब १७ करोड रुपैयाँ खर्च गरेकोमा एक सातामा मात्र ८ अर्ब ५७ करोड रुपैयाँ खर्च गरेका छन् । एक सातामा साँढे आठ अर्ब रुपैयाँ खर्च गर्नु भनेको 'असारे विकासमोह' लाई नै निरन्तरता दिनु हो ।

बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८०/८१ मा कुल बजेटको ७२.८३ प्रतिशत खर्च गरेको छ । प्रदेशका १३ मन्त्रालय र मातहतका निकायले चालु आर्थिक वर्षका लागि विनियोजित ६० अर्ब रुपैयाँमध्ये ४५ अर्ब ६७ करोड रुपैयाँ खर्च गरेको छ । सरकारको खर्च गर्ने प्रणालीमा सुधार गर्नुपर्ने वा नीति तथा कार्यक्रम बनाउँदा खर्च गर्न सकिने मात्र बनाउनु पर्ने विषयमा बहस चलाउनु पर्ने आर्थिक विज्ञहरुको सुझाव छ ।

प्रदेश लेखानियन्त्रक कार्यालयका अनुसार प्रदेश सरकारका निकायले चालु खर्चतर्फ १७ अर्ब १२ करोड रुपैयाँ खर्च गरेका छन् । जुन कुल विनियोजनको ६५ प्रतिशत मात्र हो । पुँजीगततर्फ प्रदेश सरकारले २८ अर्ब ५४ करोड रुपैयाँ खर्च गरेको छ । जुन कुल विनियोजनको ७९ प्रतिशत हो । प्रदेश सरकारले वित्तीय व्यवस्थातर्फ विनियोजन गरेको ५० करोड रुपैयाँ खर्च हुन सकेको छैन ।

प्रदेश सरकारको खर्च प्रणालीमा खाता बन्द हुने दिन असार २४ गतेमात्र २ अर्बभन्दा बढी रकम




भुक्तानी भएको छ । भुक्तानी प्रणाली बन्द हुनुअघि प्रदेश सरकारले वर्षभरि गरेका क्रियाकलापअन्तर्गत २ अर्ब रुपैयाँभन्दा बढी रकम एकैदिन खर्च भएको तथ्यांक छ । प्रदेश लेखानियन्त्रक हरिप्रसाद उपाध्यायका अनुसार चालु आर्थिक वर्ष खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालयको खर्च प्रतिशत सबैभन्दा बढी देखिएको छ । मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको खर्च प्रतिशत न्यून छ ।

खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले कुल विनियोजित बजेटको ९१.१७ प्रतिशत रकम खर्च गरेको उपाध्यायले जानकारी दिए । यो मन्त्रालयका लागि विनियोजित ८ अर्ब १७ करोड ८८ लाख रुपैयाँमध्ये ७ अर्ब ५४ करोड ६४ लाख रुपैयाँ खर्च भएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका लागि विनियोजित २ अर्ब १० करोड ६० लाख रुपैयाँमध्ये २५ करोड ३३ लाख ५९ हजार रुपैयाँ (१२.०३ प्रतिशत) मात्र खर्च भएको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालयका लागि विनियोजित १७ करोड ९० लाख रुपैयाँमध्ये १२ करोड ५६ लाख रुपैयाँ (७०.१५ प्रतिशत) खर्च भएको छ । २ अर्ब ९७ करोड ८ लाख ९२ हजार रुपैयाँ बिनियोजन भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले १ अर्ब ९८ करोड १४ लाख रुपैयाँ अर्थात् ६६.६९ प्रतिशत रकम खर्च गरेको छ ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयको ६३ करोड ६५ लाख रुपैयाँमध्ये ४० करोड ३१ लाख रुपैयाँ खर्च भएको देखिन्छ । पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयले ७५.१२ प्रतिशत बजेट खर्च गरेको छ । वन तथा वातावरण मन्त्रालयका लागि विनियोजित ३ अर्ब ६ करोड ४९ लाख रुपैयाँमध्ये २ अर्ब २४ करोड ६४ लाख रुपैयाँ (७६.५६ प्रतिशत) खर्च भएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयले बिनियोजित रकमको ७७.७७ प्रतिशत खर्च गरेको छ ।

सामाजिक विकास मन्त्रालयले ७८.१९ प्रतिशत, स्वास्थ्य मन्त्रालयले ७८.६७ प्रतिशत र श्रम रोजगार तथा यातायात मन्त्रालयले ५६.२७ प्रतिशत रकम खर्च गरेको देखिन्छ । प्रदेशसभा सचिवालयले ६८.९१ प्रतिशत, प्रदेश लोकसेवा आयोगले ६२ प्रतिशत, मुख्य न्यायाधिवक्ताको कार्यालयले ८१.९६ प्रतिशत, प्रदेश नीति तथा योजना आयोगले ६०.२१ प्रतिशत रकम खर्च गरेको प्रदेश लेखानियन्त्रक उपाध्यायले जानकारी दिएका छन् ।

# मुख्यमन्त्री जम्कट्टेललाई राजीनामा दिन एमालेको आग्रह





साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दल बागमती प्रदेशले मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई राजीनामा दिन आग्रह गरेको छ ।

मंगलबार दलका नेतासमेत रहेका बागमती प्रदेशका निवर्तमान आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले एक विज्ञप्ति जारी गरेर राजीनामा दिन आग्रह गरेका हुन् ।

'देशमा राजनीतिक स्थायित्व निर्माण गर्न केन्द्र र सम्पूर्ण प्रदेशमा सहमतिको सरकार गठन गर्ने अभिप्रायले हाम्रो पार्टी, नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले लिइरहेको पहलकदमीलाई आत्मसाथ गर्दै बागमती प्रदेशमा समेत स्थायित्व सुनिश्चित गर्ने सहमतीय सरकार निर्माणको वातावरण बनाउन हामी क्रियाशील छौं,' विज्ञप्तिमा भनिएको छ ।

'यसका लागि नेकपा (एमाले) बागमती प्रदेश संसदीय दलको समर्थनमा गठन भएको माननीय मुख्यमन्त्री शालिकराम जम्कट्टेलको नेतृत्वको वर्तमान सरकारबाट हाम्रो पार्टीको तर्फबाट प्रतिनिधित्व गर्ने ५ (पाँच) जना मन्त्रीहरुले हिजो (सोमबार) माननीय मुख्यमन्त्रीलाई भेटेर राजीनामा तथा समर्थन फिर्ताको औपचारिक जानकारी गराइसकेका छौं,' थपलियाले भने । साथै, बागमती प्रदेश सरकारलाई दूरगामी महत्व राख्ने निर्णयहरु नगर्न समेत एमालेले आग्रह गरेको छ । तर, राजनीतिक नियुक्तिहरु धमाधम भइरहेको छ ।

कामचलाउ हैसियतमा पुगिसकेको वर्तमान सरकार स्पष्ट अल्पमतमा परिसकेको भन्दै मुख्यमन्त्रीलाई यथाशीघ्र राजीनामामा गरी सहमतीय सरकार निर्माण गर्ने अभियानलाई साथ दिन अनुरोध गरेको विज्ञप्तीमा उल्लेख छ । केन्द्रीय सत्तासमिकरणअनुसार अब एमाले र कांग्रेसको गठबन्धन सरकार बन्नेछ । एमाले र कांग्रेसको प्रदेशसभामा ६४ सांसदसहितको स्पष्ट बहुमत रहेको छ ।

## भोम्जनलाई नगद ५० हजार रुपैयाँको छात्रवृत्ति प्रदान

साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ हेटौंडा उपमहानगरपालिका-१, स्थित अमर माध्यमिक विद्यालयमा अध्ययनरत छात्रा सुमिना भोम्जनलाई नगद ५० हजार रुपैयाँको छात्रवृत्ति प्रदान गरेको छ ।

महालक्ष्मी विकास बैंक लिमिटेडका संस्थापक अशोक श्रेष्ठको स्मृतिमा स्थापना भएको स्व. अशोक श्रेष्ठ महालक्ष्मी मेरिट छात्रवृत्ति भोम्जनलाई प्रदान गरेको हो । महालक्ष्मी विकास बैंक लि. हेटौंडा शाखाद्वारा सामाजिक उत्तर दायित्व अन्तर्गत गरिब तथा जेहेन्दार छात्रा भोम्जनलाई छात्रवृत्ति प्रदान गरेको विद्यालयकी प्रधानाध्यापक मालती उप्रेतीले जानकारी दिइन् ।

कार्यक्रममा हेटौँडा-१ का वडाध्यक्ष सविन न्यौपाने, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष उमाकान्त गौतमलगायतको आतिथ्यता रहेको थियो ।

## बजार प्रतिनिधि आवश्यकता

यस सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा बजार प्रतिनिधि आवश्यक भएको हुँदा तपशिल बमोजिमका योग्यता पूरा भएका इच्छुक नेपाली नागरिकहरुबाट हस्तलिखित निवेदन सहित आवश्यक कागजात संलग्न गरी सूचना प्रकाशित भएको मितिले ६ दिनभित्र संस्थाको मुख्य कार्यालयमा बुझाउन सूचित गरिन्छ ।

| विज्ञापन नं. | पद, संख्या | योग्यता तथा अनुभवहरु | उमेर |
|---|---|---|---|
| २-२०८०/०८१ | पद : बजार प्रतिनिधि<br>संख्या : २<br>नियुक्तिको किसिम : अस्थायी<br>दस्तुर शुल्क : रु. ५००। | शैक्षिक योग्यता : एस.ई.ई., +२ उत्तीर्ण वा सो सरह (सवारी चालक अनुमति पत्र प्राप्त भएकालाई विशेष प्राथमिकता दिइनेछ) | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको |

**आवश्यक कागजातहरु :**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
२. बायोडाटा ।
३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
४. अनुभव सम्बन्धी योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
५. पासपोर्ट साइजको फोटो १ प्रति ।
६. परीक्षाको किसिम : मौखिक
७. दरखास्त दिने अन्तिम मिति : २०८१।०३।३१
८. दरखास्त दिने स्थान : सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लिमिटेड, हेटौंडा-१०, मकवानपुर
९. सम्पर्क मिति : २०८१।०३।२६ गते कार्यालय समयभित्र ।
१०. परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइने ।
११. तलब आपसी समझदारीमा ।

विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।

**सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

हेटौंडा-१०, मकवानपुर

०५७-५२३२७०, ९८४५०२८९२८, ९८४५०२५९३४

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।




सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७



साझाकुरा

## हाम्रो कुरा

# सत्तारोहण र सत्ता लडाउने खेल

सत्तामा जानेले सत्ता टिकाउने, सत्ताबाहिर रहनेले सत्ता लडाउने खेल नै नेपाली राजनीतिको महत्वपूर्ण हिस्सा मान्न सकिन्छ । सत्तामा पुग्न जति कसरत गरिन्छ सत्तामा पगेको भोलिपल्टै सत्ता लडाउन त्यो भन्दा ठूलो कसरत सुरु गर्न नै नेपाली रानीतिको पर्याय हो भन्दा फरक नपर्ला । नेकपा एमालेले बागमती प्रदेश सरकारलाई दिएको समर्थन चार मिहना नपुग्दै फिर्ता लिएसँगै मुख्यमन्त्री शालिकराम जम्कट्टेल चार महिनामै अल्पमतमा परेका छन् । नेपाली कांग्रेससँगको एकवर्ष लामो गठबन्धन तोडेर एमालेसँग सत्तासाझेदारी गरेका मुख्यमन्त्री जम्कट्टेल चार महिनामै अल्पमतमा परेका हुन् । ११० सदस्यीय बागमती प्रदेशसभामा सरकार गठनका लागि ५६ सांसदको समर्थन आवश्यक पर्छ । जम्कट्टेललाई ५६ जना सांसदले विश्वासको मत दिएका थिए । एमालेले समर्थन फिर्ता लिएसँगै उनी अल्पमतमा परेका हुन् । मुख्यमन्त्रीको कुर्सीमा रहेका जम्कट्टेल कुनै राजनीतिक घटनाक्रममा परिवर्तन नआए सम्भवत महिनादिनमा सरकारबाट बाहिरिने सम्भावना छ । सरकार टिकाइराख्ने जम्कट्टेलसँग कुनै संसदीय जोड घटाउको विकल्प छैन ।

उनी एमाले सरकारबाट बाहिरिएसँगै सोझै अल्पमतमा परेका हुन् । प्रदेशको साँढे ६ वर्षमा निरन्तर सत्तामा रहेका उनी अब प्रमुख प्रतिपक्षीको कित्तामा पुग्नेछन् । सोमबार बागमती सरकारलाई दिएको समर्थ र एमालेका पाँचजना मन्त्रीले हेटौंडा-२, स्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय पुगेर राजीनामा बुझाएका थिए । २० फागुन २०८० मा फेरि एमालेसँग माओवादीको केन्द्रीय सत्तासमिकरण बनेसँगै बागमतीमा एमाले चैत पहिलो साता सरकारमा गएको थियो । चैतमा एमाले, माओवादी, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीको सरकार गठन भयो । सरकारमा माओवादीले मुख्यमन्त्रीसहित चार मन्त्रालय, एमालेले पाँच, एकीकृत समाजवादीले ३ र हाम्रो नेपाली पार्टीले एउटा मन्त्रालय सम्हालिरहेको छ । समाजवादीलाई चैतमा थप एउटा मन्त्रालय दिइएको थियो । सोमबारसम्म एमालेले मात्रै सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ भने एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीले समर्थन कायम राखेका छन् । नयाँ सत्तासमिकरण बनेसँगै बागमतीमा अब चौथोपटक एमाले र कांग्रेसको गठबन्धन सरकार बन्नेछ । केन्द्रीय समिकरणअनुसार बागमतीमा पनि सरकार गठन हुने भएकाले नयाँ गठबन्धनमा अन्य दल सहभागी हुने वा नहुने बारे अहिले नै टुंगो लागिसकेको छैन ।

मुख्यमन्त्री जम्कट्टेललाई सोमबार एमाले बागमती प्रदेश संसदीय दलका नेतासमेत रहेका आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियासहित वाणिज्य भूमि तथा प्रशासनमन्त्री प्रकाश श्रेष्ठ, वन तथा वातावरणमन्त्री केशव पोखरेल, स्वास्थ्यमन्त्री रामेश्वर श्रेष्ठ र जलश्रोत, उर्जा तथा खानेपानीमन्त्री एकालाल श्रेष्ठले राजीनामा बुझाए । प्रदेशको दोस्रो कार्यकालमा एमाले दोस्रोपटक सरकारबाट बाहिरिएको छ । २५ पुस २०७९ मा एमाले, राप्रपा, माओवादी केन्द्र र एकीकृत समाजवादीको सत्तासमीकरणबाट दोस्रो कार्यकालको पहिलो सरकार गठन भएको थियो । त्यो सरकार साँढे २ महिनामात्रै टिक्यो र एमाले सरकारबाट बाहिरियो । १० चैत २०७९ मा मुख्यमन्त्री जम्कट्टेलले कांग्रेस र एकीकृत समाजवादीसँगको गठबन्धन सरकार का लागि विश्वासको मत लिए । २० फागुन २०८० मा फेरि एमालेसँग माओवादीको केन्द्रीय सत्तासमिकरण बनेसँगै बागमतीमा एमाले चैत पहिलो साता सरकारमा गएको थियो । एमाले, माओवादी, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीको सरकार गठन भयो । बागमती प्रदेशका मुख्यमन्त्री जम्कट्टेलले प्रदेशसभाबाट विश्वासको मत लिने भएका छन् । आइतबार काठमाडौंस्थित पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा बसेको माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलको बैठकले मुख्यमन्त्री जम्कट्टेलले राजीनामा नदिने र विश्वासको मत लिने निर्णय गरेको बताइएको छ ।

# पुच्छर लुकाएर भाग्न नसक्ने प्रचण्ड



✍ दिल निशानी मगर

हिजोआज समाचारहरू हेर्दा रोनाल्डो र प्रचण्डको हालत उस्तै-उस्तै देखिन्छ । आफ्नो जीवनकालमा अन्तिमपटक युरो-कप जितिछाड्ने सपना देखेका रोनाल्डो रुँदैरुँदै मैदानबाट बिदा भएका छन् । प्रचण्ड रुन्छन् कि रुँदैनन् थाहा छैन तर उनी आफ्ना सपनाहरूको बोरा-बिस्तारा पोका पारेर फेरि एकपटक बालुवाटारबाट बिदा हुने तर्खरमा छन् । भूकम्प अचानक आएजस्तै, समुद्रमा आँधी अचानक चलेजस्तै, ज्वालामुखी अचानक फुटेजस्तै प्रचण्डको सरकार पनि अचानक ढल्यो । बालुवाटारमा प्रचण्ड मस्त सुतिरहेका थिए, उता केपी ओलीले मध्यरातमा आरजु देउवाको निवासमा पुगेर पेनाल्टी हानिसकेका थिए ।

केही दिनअगाडि कांग्रेसका सांसद् विनोद चौधरी बालकोट पुगेर केपी ओलीलाई एउटा विरहको गीत सुनाएका थिए । अर्बपतिजस्तो मान्छेले किन त्यस्तो हर्कत गरेको होला भन्ने लागेको थियो, तर त्यो सांगीतिक प्रस्तुति सरकार ढलाउनका लागि आयोजना गरिएको रहेछ । त्यसअघि पनि केपी ओली बालकोटमा बालबालिकासँग फुटबल खेल्ने, कहिले नायिकाहरूलाई बोलाएर नेपाली चलचित्रको भविष्यका बारेमा सोधखोज गर्ने गर्दथे । वास्तवमा उनको सक्रियता हेर्दा देशको प्रधानमन्त्री नै उनी हुन् जस्तो लाग्थ्यो । देशको प्रधानमन्त्री प्रचण्ड थिए, तर देशको चिन्तामा केपी ओली रातभरि अनिदो बस्दै आएका थिए ।

**नैतिकताको सुलीमा प्रचण्ड**

कुनै समयमा टाउकोको मूल्य तोकिएको प्रचण्डको यतिबेला फेरि नैतिकताको मूल्य तोकिएको छ । नैतिकताको प्रश्न उठाएर कहिले प्रचण्डको ज्यान मागिन्छ, कहिले राजीनामा मात्रै मागिन्छ । कतिपय मानिसलाई यति धेरै हतार छ, तिनीहरूले प्रचण्डलाई कपडा फेर्ने समय पनि दिन चाहन्नन् । राजीनामा-पत्र लेख्न पनि दुई-चार दिन लाग्छ होला । आफू अल्पमतमा परेपछि संसद् भंग गरेर भाग्नेका कैयौं नजिर छन्, तर प्रचण्ड एकपटक संसदमै उपस्थित हुन चाहेको बुझिन्छ । अर्थात् प्रचण्डले पुच्छर लुकाएर भाग्न जानेका छैनन् । यस्तोमा नैतिकताको प्रश्न उठेको छ । नैतिकताका आधारमा राजीनामा दिनका लागि प्रचण्डलाई कुनै फौजदारी अभियोग लागेको छैन । प्रचण्डले बहुविवाह गरेका छैनन् ।

यसकारण प्रचण्डले स्वाभाविक किसिमको राजीनामा दिने नै हो । प्रचण्डले सधैं नयाँ-नयाँ प्रयोग गर्ने भएकाले कतिपयलाई अस्वाभाविक लागेको मात्र हो । सरकारमा जाने र कसरी सरकारबाट निस्किने भन्ने मामुली कुरामा कम्तीमा प्रचण्डलाई सिकाउनुपर्दैन होला जस्तो लाग्छ । यो संविधान निर्माणमा अग्रणी भूमिका खेलेको नेताले संवैधानिक प्रक्रिया अनुसार नै बहिर्गमन हुन चाहेको हो । जुन संसदले इतिहासकै अत्यधिक मत दिएर प्रचण्डलाई प्रधानमन्त्रीका रूपमा विजयी गराएको थियो, त्यही संसदले इतिहासकै सबैभन्दा कम मत दिएर प्रचण्डलाई हराउन लागेको छ । यो प्रचण्डको नाममा थप अर्को नयाँ रेकर्ड हो । सायद रेकर्ड राख्नकै लागि विश्वासको मत मागिएको होला । यसो गर्दा प्रचण्डले लाज मान्नुपर्ने कुनै कारण छैन । किनकि यो सरकारको जन्म केपी ओलीले गराएका थिए, आज उनैले मृत्यु दर्ताको प्रमाणपत्र थमाउन लागेका छन् ।

केही वर्षअगाडि प्रधानमन्त्रीका रूपमा आफू अल्पमतमा परेपछि केपी ओलीले संसद् भंग गरेर देशैभरि वितण्डा मच्चाएका थिए, तर प्रचण्ड संसदमा उभिन खोजेका छन् । यस्तो राम्रो कुरामा किन चिन्ता लिनुपऱ्यो र ? प्रचण्डले विश्वासको मत लिँदै गर्दा कतै प्रहरीले लाठी चार्ज गर्नुपर्दैन, कतै निषेधित क्षेत्र घोषणा गर्नुपर्दैन, कोही कसैले मांसाहारी आन्दोलन गर्नु पनि पर्दैन ।

बरु फेरि पनि उल्टो काम गरेको केपी ओलीले नै हो । अविश्वासको प्रस्ताव संसद्मा लगेर दर्ता गर्नुको साटो आरजु देउवाको घरमा गएर नयाँ सरकार गठन भएको घोषणा गरे, तर वैधानिक सरकार संसद्बाट निर्माण हुँदै छ । केही दिनभित्र दुलाहाको जस्तो पोसाक लगाएर केपी ओली बानेश्वर चोकनजिकै रहेको संसद् भवनमा पुग्नेछन् । कालो अनुहार बोकेर गगन थापा पनि त्यहाँ आउनेछन् । तिनीहरू बहुतै ठुलो हुल बाँधेर आउनेछन् । घेराबन्दी गर्नेछन्, तर प्रचण्ड डराएर पुच्छर लुकाएर भाग्ने छैनन् ।

प्रचण्ड पुच्छर लुकाएर नभाग्नुको एउटा कारण छ, त्यो भने सक्नुहुन्छ भने तपाईंहरू दुई पार्टी मिल्नुहोस्, मलाई धेरै घुर्की नलगाउनुहोस् भनेर प्रचण्डले संसद्मै उभिएर भनेका थिए । प्रतिपक्षमा गएर जनताको आवाज उठाउने तर डराएर नभाग्ने उनको कथन थियो । डराएर त बरु केपी ओलीहरू भागे । ठुला-ठुला मान्छेहरू मिलेर जोगिन खोज्नु डरकै कारण हो । कांग्रेसलाई पनि डर लागेकै कारण एमालेसँग मिल्न बाध्य भएको हो । यसको डर, किन डर भन्ने प्रश्न उठ्छ । मेरो एकजना साथी थियो, सर्पको फोटोसँग पनि डराउँथ्यो । कांग्रेस र एमाले प्रचण्डसँग डराए त म भन्दिनँ तर प्रचण्डको फोटोसँग डराएको पक्का हो । हिजो युद्धकालमा पनि शोषकहरू प्रचण्डको फोटोसँगै डराएका थिए । टोपबहादुर देखि कृष्णबहादुरसम्म, प्रतीकदेखि दीपेशसम्मलाई धरपकड गर्ने प्रचण्डले अब हामीलाई बाँकी राख्दैन भन्ने तिनीहरूलाई लागेको हुनुपर्छ ।

**किन ढल्यो प्रचण्ड सरकार ?**

सरकार ढलेको विषयमा मिडियामा धेरै कुरा आएको छ, तर मलाई प्रचण्ड सरकार ढल्नुमा बोक्सीको हात छ जस्तो लाग्छ । केही वर्षअगाडि केपी ओलीले भाषण गरेका थिए, 'मलाई मार्नका लागि मान्छेहरूले के-केसम्म गरेनन्, अनेक तिकडम षड्यन्त्रहरू गरियो, एकपटक त बोक्सी उठाएर लगाएको पनि थाहा पाएँ, पछि मैले खुद त्यो बोक्सीसँग कुरा गरेर आफूलाई जोगाएँ । बोक्सी को थियो भन्नुहोला, बोक्सी त मैरै साथीहरू रहेछन् । यसकारण बोक्सी सोक्सी केही हुँदैन, यदि भएमा आफ्नै साथीभाइ हुन्छन् ।'

प्रचण्ड सरकारको बलियो सारथीका रूपमा उभिएको थियो रास्वपा । विदेशी केटासँग बिहे गरेको भनेर शिक्षामन्त्री सुमना श्रेष्ठसँग केपी ओली रिसाएका थिए । उनले काठमाडौंको रैथाने नेवार्नी बिहे गरे भन्दैमा सबैको भाग्यमा त्यस्तो कहाँ लेखिएको हुन्छ र ? सुमनालाई बर्खास्त गर्नका लागि ओलीले अल्टिमेटम नै दिए, तर प्रचण्डले टेरेनन्, आखिर प्रचण्ड आफैंले अल्टिमेटम प्राप्त गर्नुपऱ्यो । पढे-लेखेका भनिएका रास्वपाका मान्छेहरू नै बोक्सी बनेर निस्किए ।

नैतिकताका आधारमा राजीनामा दिनुपर्ने मान्छे त खासमा रवि लामिछाने थिए । खासमा प्रचण्ड सरकारको नैतिकता धुमिल बनाएको पनि यिनैले हो । आफ्नो काण्ड नदेख्ने अरुको मात्रै काण्ड भेटाएँ भन्नेह हिलो आफ्नो अनुहारमा छ गन्ध अनुहारको अनुहारमा खोज्ने– रविले गृहमन्त्रीका रूपमा साह्रै ज्याद्रो पारा देखाए । दीपकराज गिरीको फिलम हिट भएको थाहा पाउन पनि ५२ दिनसम्म फिल्म हलमा चल्नुपर्छ । रवि ब्रदरले १०० दिनमा काम तमाम गर्छु भने ।

आफ्नो फाइल जमिनमुनि लुकाएर अरुको फाइल चोक-चोकमा पर्दाफास गर्छु भने । यो सब उपद्रोलाई प्रचण्डले रक्षा कवच बनेर टुलुटुल हेर्नुपर्ने बाध्यता थियो । आफैंले लुकाएको जीबी राईको लोकेसन पत्ता लगाइयो भन्दै फूर्ति लगाउने रवि ब्रदरले प्रहरीको ड्युटी पनि आफैं गरेर संवेदनशीलको हद नाघे । रवि ब्रदरलाई देख्दा प्रहरीहरूले पनि जोकर आयो भन्न थाले । वास्तवमा प्रचण्ड एक्लिनुको कारण यो पनि हो ।

चौथो दलबाट गृहमन्त्री बनेका रवि ब्रदरको नसुहाउँदो अस्वाभाविक फूर्ति देखेर पहिलो दल र दोस्रो दल मिल्न बाध्य भए । आफूले सहकारीको करोडौं पैसा ठगेर लाखौं जनतालाई रुवाउने, अनि सबैभन्दा ठुलो पार्टीको सभापतिको श्रीमतीलाई पक्राउ गर्छु भन्ने । वास्तवमा पक्राउ त रवि ब्रदरले आफूले आफैंलाई गराउनुपर्ने थियो ।

जब मिडियाका मालिक कैलाश सिरोहियालाई पक्राउ गरियो, त्यसपछि परिस्थिति झनै बिग्रियो । रवि ब्रदरले आफ्नो व्यात्तिगत रिस त्यसरी पोख्न हुँदैनथ्यो । गृहमन्त्रीको काम भनेको नियमको गराउने हो, आफैं दंगा प्रहरीको सिपाहीजस्तो बनेर आवेग प्रकट गर्ने होइन । सिरोहियाको नागरितामा कुनै समस्या नै थिएन । समस्या प्रशासनको हस्त लेखनमा थियो । प्रशासनले दुईजनालाई एकै नम्बरको नागरिकता थमाउँछ भने गल्ती लिनेको हुँदैन, दिनेको हुन्छ ।

प्रमाण नै नपुगेपछि प्रहरीले आजको मितिसम्म सिरोहियामाथि मुद्दा चलाउन सकेन । रवि ब्रदरको सबैभन्दा धेरै झगडा कांग्रेसका नेता गगन थापासँग पऱ्यो, जो सही थिएन । विदेशीलाई सूचना बेचेको जस्ता संसद्बाट भन्नै नहुने गोपनीयताको कुरा रवि ब्रदरले भन्दिए । यस प्रकारको गतिविधिबाट ठुला दलहरू झन् झस्किए । रवि ब्रदरलाई शक्तिबाट निकाल्नका लागि पनि दुई ठुला दलहरू मिल्नैपर्ने भयो ।

**ठुला दलहरूको दम्भ**

एमाले र कांग्रेस अब हामी कहिल्यै नछुट्टिने भनेर कसम खाएका छन् । तर यिनीहरू केही राम्रो गर्न मिलेको होइन, नराम्रो हुनबाट जोगिनका लागि मिलेका हुन् । केपी ओली र देउवा कस्ता छन्, सारा संसारलाई थाहा छ । यिनीहरूको शासनकाल नदेखेको होइन, नभोगेको पनि होइन । प्रचण्ड हटेपछि कुनै युधिष्ठिरको राज्य अभिषेक हुँदैन । एउटै थालमा भात खाएको आफ्नै साथीहरू माधवकुमार नेपाल, वामदेव गौतमसँग मिल्न नसक्ने केपी ओली राणा खान्दानका ज्वाइँसँग मिल्न कदापि सक्दैनन् । आफ्ना मुद्दा-मामला के के छन्, त्यो मिलाइ सकेपछि यिनीहरूको झगडा फेरि सुरु हुन्छ । रवि ब्रदरले खोतल्छु भनेको फाइललाई यिनीहरूले खाल्डो खनेर पुर्नेछन् । उहिले हाम्रो गाउँमा सासु र बुहारी मिलेर बसेको भनेर सम्मान कार्यक्रमको आयोजना गरिएको थियो । ठिक त्यस्तै केही राजनीतिक विश्लेषकहरूले एमाले-कांग्रेस मिलेकोमा हर्ष बढाइँ गरिरहेका छन् । यिनीहरूको राजनीतिक विश्लेषण कहिल्यै मिलेको छैन, भोलि पनि मिल्दैन । मिलेको भए यति बेला प्रचण्ड हामीमाझ हुने थिएनन्, मरिसकेका हुने थिए । प्रचण्ड नेतृत्वको पार्टी नेकपा माओवादी विविध कारणले खुम्चिएर सानो भएको छ । सानो भए पनि कांग्रेस- एमालेलाई राजाको हली हुनबाट जोगाउने माओवादी नै हो । कांग्रेस-एमाले ठुलो भएर के त्यस्तो महान् काम गरे ? आखिरीमा गणतन्त्र ल्याएर संविधान लेखेको माओवादीले नै हो । त्यही भएर गिरिजा प्रसाद कोइरालाले जाने बेलामा प्रचण्डको नाम लिएका थिए ।

अस्ति तिनै गिरिजाका पुराना तस्बिर हरू प्रदर्शनीमा राखिएको रहेछ । ती फोटोहरूमध्ये सबैभन्दा हेर्न लायक फोटो गिरिजा र प्रचण्डको दस्तखत गरेको वाला नै थियो । तस्बिर आफैं बोल्छ भन्छन्, त्यो फोटोमा केपी ओलीको स्थान कता थियो ? त्यसकारण कुनै राजनीतिक दल ठुलो भएर केही फरक पर्दैन । सबैभन्दा ठुलो विचार हो । प्रचण्डको पार्टी सानो छ तर विचार ठुलो । एमाले पार्टी पक्कै पनि ठुलो हो । नेपाली समाजको विकास क्रममा यो पार्टीको पनि ठुलो भूमिका छ, तर यो संविधान निर्माणमा महत्वपूर्ण भूमिका खेलेका एमालेका नेताहरू नै आज एमालेमा छैनन् । यसकारण केपी ओलीलाई यो संविधान संशोधन गर्ने कुनै अधिकार छैन । हाम्रो लोकतान्त्रिक संविधानले कोही कसैलाई 'किम जोन उन' बनाउन सक्दैन ।

जसले देशमा साना दलहरूको औचित्य छैन भन्छ, त्यसले समाजका स-साना मान्छेहरूको अर्थ पनि छैन भन्छ । जेठा दाइ र माइलादाइ मिलेर आफ्नो अविवाहित कान्छा भाइको सम्पूर्ण जायजेथा हरण गरेर गाउँबाट लखेट्नुलाई कुनै बहादुरी भनिँदैन । बरु त्यस्तालाई त 'भाइमारा' भनिन्छ । नेपालभन्दा सयौं गुणा ठुला छन्, चीन र भारत । तर के चीन र भारत ठुलो देश हुँदैमा यिनीहरू मिलेर नेपाललाई एकै मिनेटमा 'करपङ्ग्याप' पार्न मिल्छ ? मिल्दै, मिल्दैन ।

**अब के हुन्छ ?**

केही दिनपछि केपी ओलीको फोटो बिजुलीको पोल-पोलमा टाँसिन सक्छन् । फेरि एकपटक चुच्चे रेलको उद्घाटन हुन सक्छ । पानी जहाज कार्यालयमा थप कर्मचारी खटिन सक्छन् । दुई-चारजना संसद अपहरणमा पर्न सक्छन् । फेरि एकपटक हावाबाट बिजुली चल्न सक्छ । महेश बस्नेतलाई झुटो आरोप लगाउने महिला जेल जान सक्छिन् । केपी ओली गायक पनि भएकाले टिकटक माथिको प्रतिबन्ध फुकुवा हुन सक्छ । दुर्गा प्रसाईं र केपी ओलीको सानदार भेट हुन सक्छ । हिजो बालकोट पुगेर गीत गाएका विनोद चौधरी फेरि बालुवाटार पुगेर गीत गाउन सक्छन् । नक्कली डा. गोविन्द केसी फेरि अनशन बस्न सक्छन् ।

त्यसपछि देउवाको पालो आउला । देउवाको पालो आएको कल्पना गर्दा पनि अल्छी लागेर आउँछ । देउवाको पालो आएपछि सबैभन्दा पहिला उनको ज्योतिषीले दुई-चार लाख बक्सिस पाउन सक्छन् । टेलिभिजन पत्रकारलाई समय दिनेछैनन्, मजासँग सिरक ओढेर सुत्नेछन्। आवश्यक नै पऱ्यो भने आफ्ना तर्फबाट कुरा राख्न आरजु देउवालाई खटाउनेछन् । कतै आन्दोलन भएमा अब के गर्ने हो यार भन्दै केपी ओलीलाई बारम्बार फोन गर्नेछन् । अरु त के होला र खै, केही पनि हुँदैन । प्रश्न उठ्छ, के त्यसो भए अब के फेरि कमेरड प्रचण्ड प्रधानमन्त्री बन्न सक्दैनन् त ? पक्कै पनि प्रचण्ड प्रधानमन्त्री बन्न सक्छन्, तर पूर्वप्रधानमन्त्री । अब बहालवाला प्रधानमन्त्री बन्न प्रचण्डले धेरै नै पापड फेल्नुपर्ने देखिन्छ । त्यसका लागि प्रचण्डसँग विचार त छ तर उमेर, ऊर्जा र संगठन छैन । केही छन् वरिपरि तिनीहरूले आफ्ना लागि जे गर्नुछ, त्यो गरिसकेका छन्, अब बेकारमा किन दु:ख गर्छन् ?

*(साभार: रातोपाटी)*

# जस्तो बीज त्यस्तै फल

✍ डा. टीकाराम पोखरेल

विगत केही वर्षदेखि राजनीतिप्रति वितृष्णा ओकल्ने क्रम जारी छ। यस्तो वितृष्णा ओकल्न थालिएको बहुदलीय व्यवस्थाको आगमनसँगै भए पनि पछिल्ला वर्षहरुमा वितृष्णा झनै बढेको छ। राजनीतिक व्यवस्थाको कारणले भन्दा पनि व्यवस्थाका चालकहरुको अराजनीतिक व्यवहारले गर्दा राजनीतिलाई धुमिल बनाइरहेको भन्दै देश बिगारेको दोष राजनीतिक दलका नेताहरुमाथि थोपरिन्छ । के दोष राजनीतिक दलका नेताको मात्रै हो त ?

**एउटा रोपेर अर्को फल्दैन** :

भनाइ छ, जस्तो रोपिन्छ त्यस्तै फल्छ । बारीमा मकै रोपेर कोदो फल्दैन । अम्बाको रुखमा कागतीको फल लाग्दैन । एउटा बीज रोपेर अर्को फल खोज्नु भनेको खोज्नेको मूर्खता हो, फल्ने फलको दोष होइन । फलको धर्म त बोटअनुसारको फल फलिदिनु हो । जनताले जस्तो नेतालाई देश जिम्मा लगाएका छन् तिनीहरुको धर्म पनि त्यही हो, जस्तो उनीहरुको क्षमता छ त्यस्तै गर्ने हो । राजनीतिमा राम्रो संस्कारको अपेक्षा गर्ने हो भने हाम्रा नेतालाई होइन राम्रा नेतालाई देशको तालासाँचो जिम्मा दिनु जनताको कर्तव्य हो ।

**चुनावमा सोचौं** :

देश बिगार्ने नेता हुन् भन्ने निष्कर्ष निकाल्ने हो भने किन दशकौंदेखि घुमाइफिराइ तिनै दल र नेतालाई हामी देशको तालासाँचो जिम्मा लगाइरहेका छौं ? लोकतन्त्रमा देशको मालिक जनता हुन्, नेता होइनन् । निर्वाचनको माध्यमद्वारा जनताले आफ्ना प्रतिनिधि छान्ने हो र देशको तालासाँचो उनीहरुलाई जिम्मा लगाउने हो । कुनै व्यक्तिले आफ्नो घरको तालासाँचो पहिले चोरलाई जिम्मा लाउँछ र पछि चोरी हुन्छ भने त्यो चोर्नेको भन्दा बढी दोष तालासाँचो जिम्मा लगाउनेको हो । त्यसैले चुनावमा गलत पार्टी र नेतालाई नजिताऔं, सही मान्छे छनौट गरौं । मालिकले नै गलत मान्छेलाई देश जिम्मा लगाउने हो भने त्यसको जिम्मेवारी पनि मालिकले पनि लिऔं ।

**नेता समाजका उपज** :

संगत गुनाको फल भन्ने चर्चित भनाइ छ । हाम्रा नेता हाम्रै समाजका उपज हुन् । कुनै अर्को ब्रह्माण्डबाट आएका होइनन् । समाज जस्तो छ त्यो सामाजबाट त्यस्तै नेता निस्कन्छ । सामाजले राम्रो संस्कार दिन सकेको भए नेता चरित्रवान्, नैतिकवान् हुने थिए । तर व्यक्ति अनैतिक भएपछि समाज अनैतिक हुन्छ, । समाज अनैतिक भएपछि त्यस्तो समाजमा बहुसंख्यक अनैतिक नेता नै जन्मिन्छन् । छिटफुट नैतिकवान् निस्केछन् भने पनि अनैतिक समाजले त्यस्ता नैतिकवान् मान्छेलाई पत्याउँदैन । नैतिकलाई नपत्याउने, अनैतिकलाई अँगालो हालेपछि टाउकोमा हात राखेर पछुताउनुबाहेक अर्को बाटो हुँदैन । हामीले दशकौंदेखि त्यही गरेको होइन र ?

**दोष कसको ?**

देश बिग्रनुमा कोही भन्छन्- दोष नेताको, कोही भन्छन्- दोष जनताको, कोही भन्छन्- दोष कर्मचारीको, कोही भन्छन्- दोष निजी क्षेत्रका व्यापारीको । कोही भन्छन्- देश शिक्षकले सही शिक्षा नदिएर बिगाऱ्यो । कोही भन्छन्- प्रहरीले शान्ति सुरक्षा र अमनचयन कायम गर्न नसक्दा देश बिग्रियो । कोही भन्छन्- ठेकदार बदमास भए । कोही भन्छन्- इन्जिनियर बिग्रे, कोही भन्छन्- डाक्टर पो त्यस्ता, कोही भन्छन्- वकिल त्यस्ता । आखिर दोष कसको ? सबैभन्दा भन्न गाह्रो नै यही प्रश्नको उत्तर छ। देशको राजनीति बिग्रनुमा जनता नेतालाई दोष दिन्छन् । नेता नागरिकले सही दिशानिर्देश गर्न नसकेको भन्छन् । समाज नेतालाई मरी-मरी गाली गर्छ, तर अचम्मचाहिँ के भने समाज जुन नेतालाई धेरै गाली गर्छ, चुनावमा उसैलाई जिताउन लालायित हुन्छ । आखिर देश बिगार्ने को हुन् ? धेरथोर देश बिगार्ने सबै हुन् । सबैभन्दा बढी देश बिगार्नेचाहिँ ती हुन् जो देश बिगारेको जिम्मेवारी रत्तिभर लिन चाहँदैनन् ।

**कर्तव्यबोध खै ?**

भनाइ छ, कुनै फोहोर पोखरी सफा गर्नु छ भने पोखरीको डिलमा बसेर पोखरी फोहोर भयो भनी कराएर मात्र त्यो पोखरी सफा हुँदैन । पोखरी सफा गर्न पोखरीमै पस्नुपर्छ। पोखरीको डिलमा बसेर कराउनु भनेको कर्तव्यविमुख हुनु हो । नेपालको राजनीतिमा अहिले केही भएन, सबै बिग्रियो, सकियो, बर्बाद पारियो भन्ने खालका भाष्य बढी सुन्न पाइन्छ । हरेक व्यक्तिले देशमा भएको जति सबै नराम्रो मात्र भयो र त्यो नराम्रो गर्ने मबाहेक अरु हुन् भन्ने गरेको मात्र सुनिन्छ । यो राम्रो भयो, योचाहिँ म गर्छु, यो काम नहुनुमा मेरो पनि जिम्मेवारी छ, यो काम गर्न नसकेकोमा म माफी चाहन्छु, यो कुरामा म आफूलाई सुधार गर्छु भन्ने कुरा कोहीबाट पनि सुन्न पाइँदैन । नकारात्मक सोच बोकेर कर्तव्यविमुख व्यक्तिले बोल्ने भाषा जुन बोलिँदै छ, देशको निर्माणमा यो सोच सबैभन्दा धेरै बाधक छ । सबैजना सकारात्मक होऔं, कर्तव्य पालना गरौं ।

**असामाजिक सञ्जाल** :

आजकल सामाजिक सञ्जालले समाजलाई गाँजेको छ । यो सामाजिक सञ्जाल होइन, बरु असामाजिक सञ्जाल हो। सामाजिक मान्छेलाई असामाजिक बनाउने यस्ता सञ्जालहरु कसरी सामाजिक सञ्जाल हुन सक्छन् ? हातमा मोबाइल भएको हरेक व्यक्ति परिवार र समाजसँग भन्दा मोबाइलका स्क्रिननमा रमाइरहेछ । आजकल मान्छे छरछिमेक, सामाजका आफ्ना समकक्षीलाई साथी बनाउँदैन, बरु कहिल्यै नचिनेको र जीवनमा भेट्न असम्भव प्राय: मान्छेलाई साथी बनाएर त्यतै रमाइरहेछ । राजनीति पनि सामाजिक सञ्जालको वरिपरि घुमेको छ। राजनीतिलाई सामाजिक सञ्जालले डोऱ्याउने स्थितिमा पुगिसकेको छ । आज राजनीतिलाई जनताले होइन, सामाजिक सञ्जाल नामको असामाजिक सञ्जालले डोऱ्याइरहेछ । सामाजिक सञ्जालले चलाउने राजनीति एकदमै घातक हो । अतिशयोक्तिपूर्ण असामाजिक सञ्जालको प्रयोगले आँकलनभन्दा भिन्न राजनीतिक परिदृश्य देखाइरहेछ । राजनीतिमा संस्कृतिभन्दा विकृतिले जरा गाड्दै छ । यो असामाजिक सञ्जालले अराजनीतिलाई दिएको अमूल्य देन हो । यस्तो देन हामीलाई चाहिँदैन । हामी डिजिटल दुनियाँको असामाजिक सञ्जालको भर नपरौं, आफ्नै घरवरिपरिको समाजको भर परौं ।

**व्यक्ति धनी तर देश गरिब** :

देश गरिब छ, तर देशका केही व्यक्ति फोर्ब्सको विश्वका धनीको सूचीमा परिसकेका छन् । जुन देशमा अझै पनि खान नपाएर कुपोषणको सिकार भई नागरिक मर्छन्, त्यो देशमा विश्वका धनी भेटिनु भनेको देश गरिब र मान्छे धनी हुनु हो । देश धनी भए मान्छे धनी हुन्छ नै । त्यसो त सबै मान्छे धनी भए पनि देश धनी हुन्छ । तर केही मान्छे धनी भएरचाहिँ देश धनी हुँदैन, बरु कंगाल हुन्छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असार २७ गते बिहीबार ११ जुलाई २०२४ । पञ्चमी, आषाढ शुक्लपक्ष । दिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ५:१७, सूर्यास्त ७:०१ । विश्व जनसंख्या दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : चुनौतीहरु बढ्नेछन् | **तुला** | : प्रयत्न निरर्थक हुनेछ |
| **वृष** | : आम्दानी घट्नेछ | **वृश्चिक** | : व्यावसायिक काम बन्नेछ |
| **मिथुन** | : मित्रताले हर्ष बढ्नेछ | **धनु** | : सहयोगीले असहयोग गर्नेछन् |
| **कर्कट** | : कामको तारिफ हुनेछ | **मकर** | : पढाइमा प्रगति हुनेछ |
| **सिंह** | : अरुको मन लोभ्याउन सकिनेछ | **कुम्भ** | : समस्या दोहोरिन सक्नेछ |
| **कन्या** | : दाम कमाउने बेला छ | **मीन** | : घरेलु काममै अलमल हुनेछ |

# रास्वपाका शक्तिशाली महामन्त्री बर्खास्त



काठमाडौं/राष्ट्रिय स्वतन्त्र पार्टीको संगठन बागडोर सम्हाल्ने शक्तिशाली महामन्त्री मुकुल ढकालले पार्टीको पद त गुमाएका छन् नै, केन्द्रीय समितिबाट समेत बर्खास्तीमा परेका छन् । यसअघि पार्टी प्रवक्ता पद समेत आफैंसँग राखेका ढकालसँग अब त्यो पद पनि रहेन । रास्वपा केन्द्रीय समितिको मंगलबार बसेको बैठकले उनलाई तीनवटै जिम्मेवारीबाट निष्कासित गर्ने निर्णय गऱ्यो ।

पार्टीको आचार संहिता विपरीत ढकालले गरेको गतिविधि, त्यसबाट पार्टीलाई पुगेको क्षति, अनि हदैसम्म कारबाही गर्न पार्टीको अनुशासन समितिले गरेको सिफारिसका आधारमा केन्द्रीय समितिले यो निर्णय लिएको कार्यवाहक प्रवक्ता मनिष झाले बताए । बैठकपछि सञ्चारकर्मीहरुसँग कुरा गर्दै झाले भने, 'साधारण सदस्य कायम राख्ने गरी पार्टी महामन्त्री, प्रवक्ता र केन्द्रीय सदस्यबाट पदमुक्त गर्ने सर्वसम्मत निर्णय गरियो ।'

त्यसअघि असार १९ गतेको केन्द्रीय समितिको बैठकमा मुखका टेप लगाएर बसेपछि रास्वपाले 'पार्टी अनुशासन विपरीत अभद्र, अशोभनीय, अनुशासनहीन र पार्टी हित विपरीत अराजनीतिक व्यवहार प्रदर्शन गरेको' भन्दै ढकाललाई ७ दिनका लागि निलम्बन गर्दै थप छानबिन गर्न अनुशासन समितिलाई जिम्मेवारी दिएको थियो । समितिले २३ गते नै प्रतिवेदन बुझायो ।

अनुशासन समितिले ढकाललाई स्पष्टीकरण सोधेको थियो । तर उनले जवाफ दिएनन् । १९ गते सञ्चारमाध्यम मार्फत सार्वजनिक गरेको धारणा नै स्पष्टीकरण भयो भनेर खबर पठाएपछि समितिले (साधारण सदस्यता समेत नरहने गरी) हदैसम्म कारबाही गर्न सिफारिस गरेको थियो ।

त्ससपछि मंगलबार बसेको बैठकले महामन्त्री ढकालले पार्टी आचारसंहिताको दफा ४(१) को (क), (ख), (च), (प) र (फ), दफा ४(२) को (क) र (ख) दफा (५) को (क) र (ख), दफा ६ को (क) र (ख), अनि दफा ९ को (क), (ख), (ग) र (घ) उल्लंघन गरेको ठहर गऱ्यो । यसले पार्टीलाई क्षति पुगेको ठहर गर्दै ढकाललाई साधारण सदस्य मात्र रहने गरी बाँकी सबै जिम्मेवारीबाट बर्खास्त गर्ने निर्णय लियो ।

ढकालले भने आफूमाथि कारबाही गरेको प्रति तिखो रोष प्रकट गरेका छन् । रास्वपाको निर्णय सार्वजनिक भएपछि उनको संक्षिप्त प्रतिक्रिया छ, 'रवि लामिछाने क्लबबाट निष्कासित भएको हुँ । राष्ट्रिय स्वतन्त्र पार्टीभित्र घण्टी बज्न रोकिंदैन ।'

**रविले दिएको स्पेस**

रवि लामिछाने र डा. ढकाल सुरुमा कालीकोटको रास्कोट अस्पताल परियोजनामा जोडिएका थिए । सञ्चारकर्ममा रहँदा रविले आफ्नै नाममा खोलेको फाउण्डेसनबाट अस्पतालको भवन निर्माण सहित व्यवस्थापनमा सघाएका थिए । त्यसमा डा. मुकुल पनि जोडिए ।

७ वर्षदेखि सहकार्यमा रहेका मुकुलले रविले नयाँ पार्टी खोल्ने निर्णय गर्दा पनि साथ दिए । ७ असार २०७९ मा बनेको रास्वपामा रविले सुरुमा मुकुललाई प्रवक्ताको जिम्मेवारी दिए, त्यसपछि महामन्त्री भए । सभापतिको विश्वास जितेका उनी पार्टीमा यति हाबी भए कि मन लागेको निर्णय गर्थे । चाहे त्यो पार्टीको निर्णय अनुकूल होस् या प्रतिकूल ।

मंसिर २०८० को जलेश्वर बैठकपछि रविले विधानमा नै नभएको १५ सदस्यीय सचिवालय बनाइदिए । मुकुलकै दाबीमा भन्दा रविले देश बनाउँछन् भन्ने विश्वास थियो, त्यसैले रविलाई जे गर्दा सहज हुन्छ, त्यही गरिदिए । नेताहरुले उनको कार्यशैलीमाथि प्रश्न उठाउँथे, तर नेतृत्वले कहिल्यै त्यसलाई सुन्ने रुचि देखाएन ।

केन्द्रीय सदस्य डा. तोसिमा कार्कीका अनुसार ढकालले सुरुदेखि नै छलफल नगर्ने, मन लागेको बेला कमिटीहरु गठन, विघटन गर्नेदेखि विधान नै संशोधन गरिदिने गरेका थिए । रास्वपा केन्द्रीय सदस्य सोविता गौतम त ढकालको कार्यशैलीलाई निरंकुश नै भन्छिन् । ढकाल मौन बसेको पछिल्लो (१९ असारको) बैठक मात्र लोकतान्त्रिक भएको भन्दै उनले सञ्चारकर्मीहरुसँग भनिन्, 'अरु बेला हामीले कहिल्यै विचार राख्ने स्पेस नै पाएनौं ।'

**कोर समूहको खटपट**

रास्वपा नेताहरु मुकुललाई निष्कासन गर्ने अवस्था आउनुको मुख्य कारण भने सभापति रवि लामिछानेको कोर टिमको शक्ति सन्तुलन भत्किनुलाई मान्छन् । ढकालसँगै सहमहामन्त्री विपिन आचार्य, सहकोषाध्यक्ष दीपक बोहरा, सहप्रवक्ता प्रतिभा रावलहरु कोर टिममा पर्छन् । रास्वपा सरकारमा नजाँदासम्म पार्टीको धेरैजसो काम मुकुलमार्फत हुन्थ्यो, कोर टिमका सदस्यहरुले पनि सहजै मान्ने गरेका थिए । जब २४ फागुन २०८० मा रास्वपा दोस्रो पटक सरकारमा गयो । लामिछानेले सम्हालेको गृह मन्त्रालयमा सहकोषाध्यक्ष बोहराहरु हाबी हुन पुगे । अरु मन्त्रीले पनि आआफ्नो टिम बनाए । पार्टीमा शक्तिको अभ्यास गरेको र सबथोक आफैं हो भन्ने मान्ने मुकुलले त्यसलाई सहज मानेनन् ।

त्यसपछि मन्त्रीहरुलाई सघाउन बनाएको हैंसेरी टिमको संयोजन गर्न भन्दै आफ्नो नेतृत्वमा अर्को टिम बनाए । तर हरेक दिन मन्त्रीहरुले उनलाई ब्रिफिङ गर्न सम्भव थिएन । त्यसपछि उनी मन्त्रालयहरुमा जान चाहे । त्यसक्रममा सिंहदरबारको पश्चिम गेटमा जाँच भएको भन्दै उनले बबण्डर गरे । एक नेताका अनुसार 'पार्टी महामन्त्री मुकुल ढकाल आउनुभयो भने सहजै प्रवेश दिनू' भन्ने निर्देशन समेत दिनुपरेको थियो ।

तैपनि उनको असन्तुष्टि कायमै रह्यो । 'यसले कोर टिमको शक्ति सन्तुलन बिग्रियो, त्यहींबाट उनको असन्तुष्टि सुरु भएको देखिन्छ', रास्वपाका एक केन्द्रीय सदस्य भन्छन् ।

**प्रतिवेदन बन्यो बहाना**

रास्वपा सरकारमा गएको दुई महिनापछि इलाम २ मा प्रतिनिधिसभा उपचुनाव भयो । रास्वपाले प्रतिष्ठाको विषय बनाएको १५ वैशाखको उक्त चुनावमा पार्टी उम्मेदवार मिलन लिम्बुले जमानत समेत जोगाउन सकेनन् । चुनावको समीक्षा गर्न बसेको बैठकमा नेताहरुले एकअर्कालाई दोष लगाए । त्यसपछि आक्रोश कम गर्ने उपाय स्वरुप तत्कालीन महामन्त्री ढकालले देशका विभिन्न ठाउँमा यात्रा गरेर समीक्षा गर्ने प्रस्ताव राखे, सभापति लामिछानेले सहजै सहमति दिए ।

ढकाल ३८ जिल्ला पुगेर छलफल गरे । त्यसक्रममा पार्टी मात्र होइन, उनकै कार्यशैलीमाथि समेत प्रश्न उठ्यो । जुन ढकालको अपेक्षाअनुरुप थिएन । आफूले राम्रो काम गर्दागर्दै पनि अरुका कारण प्रश्न उठेको उनको बुझाइ रह्यो, जुन उनको प्रतिवेदनमा पनि झल्किन्छ । ३२ पृष्ठ लामो समीक्षा प्रतिवेदनमा ढकालले पार्टी सभापति लामिछानेमाथि समेत गम्भीर प्रश्न उठाएका छन् ।

आफैंले महामन्त्री र प्रवक्ताको दुई जिम्मेवारी लिएको बिर्सिएर सरकारमा गएकाहरुको दोहोरो जिम्मेवारीमा प्रश्न उठाए । अनि, १२ असारमा गृह मन्त्रालयमा पुगेर पार्टी सभापति रविलाई प्रतिवेदन बुझाउनुअघि आफूलाई कारबाही गरिनसक्ने भनेर प्रचार गरे । एक केन्द्रीय सदस्य आशंका गर्छन्, 'पार्टी नेतृत्वमाथि प्रश्न उठेको बेला फरक कित्तामा उभिन्छु, त्यसो गर्दा ममाथि सहानुभूति हुन्छ भन्ने लाग्यो कि ?'

तर त्यही प्रतिवेदनमाथि छलफल गर्न बसेको सिंगो केन्द्रीय समिति उनको विपक्षमा खडा भयो । सभापति रविले उनको मागअनुसार केन्द्रीय समिति बैठक लाइभ गरौं भन्दा समेत अस्वीकृत गऱ्यो र महामन्त्री पदबाट निलम्बन गर्ने निर्णय गऱ्यो । बुधबार अर्को बैठकले उनलाई पार्टीको सम्पूर्ण जिम्मेवारीबाट पदमुक्त गर्ने निर्णय लिएको छ ।

बैठकमा आफूसहितका नेताहरुले साधारण सदस्यसमेत नरहने गरी कारबाही गर्नुपर्ने माग उठेको सहप्रवक्ता रमेश प्रसाईंले जानकारी गराए । तर सभापति लामिछानेले सच्चिने अवस्था भए मौका दिनुपर्ने मत राखेका थिए । उनले भनेका थिए, 'मुकुलजी मेरो परिवारको सदस्य हो । सुरुदेखि नै सहयात्रामा हिंडेको साथी हो । सच्चिने मौका दिनुपर्छ ।'

ढकाललाई पदमुक्त गर्ने पार्टी केन्द्रीय समितिको निर्णय चित्त नबुझे उजुरी गर्ने ३५ दिन म्याद दिएको छ । नेताहरुले मन्त्री बन्न भन्दै दुर्गा प्रसाईंसँग रकम मागेको आरोपमा बर्खास्त भएका तत्कालीन सांसद ढाकाकुमार श्रेष्ठलाई जस्तै गरी उजुरी र पुनरावेदनका लागि ३ दिन मात्र समय दिनुपर्ने मत राखेका थिए । तर सभापति लामिछानेकै जोडबलमा ३५ दिन म्याद दिने निर्णय भएको छ । 'सभापतिको अहिले पनि उहाँ पनि सद्भाव नै देखिन्छ', रास्वपाका एक केन्द्रीय सदस्य भन्छन्, 'तर असीमित महत्वाकांक्षा बोकेर हिंड्नुभएका मुकुल ढकालको कार्यशैलीका कारण सभापतिले चाहेर पनि उहाँलाई जोगाउन सक्ने अवस्था रहेन ।'

*(स्रोत: अनलाइनखबर)*

# असोजमा फिल्मको चाप, भिड्न सक्छन् 'छक्का पञ्जा ५' र '१२ गाउँ'



काठमाडौं/गत बैशाख र जेठ महिनामा फिल्म रिलिजको उल्लेख्य चाप देखियो । वर्षातको महिना भएकाले असारमा भने केही कमी आएको छ । फेरि साउनमा रिलिजको बाढी छ । भदौ त्यसै पनि रिलिजका लागि उत्तम भइहाल्यो । यसैले लगभग हप्तैपिच्छे फिल्म रिलिज हुँदैछन् । सबैभन्दा ठूलो चाप भने असोजमा देखिँदैछ । कुनै फिल्म दायाँबायाँ नभए यो महिनामा मात्र रिलिजको संख्या ७ पुग्नेछ ।

असोजको पहिलो हप्ता नै ठूलो भिडन्त हुँदैछ । संविधान दिवसको विदा छाप्दै असोज ३ गते 'ह्रस्व दीर्घ', 'खुस्मा' र 'आउट ल' गरी तीनवटा फिल्म रिलिजको तयारीमा छन् । यो मितिमा आउँदा यी फिल्मले असोज ९ गते जितिया पर्वको अर्को विदा पनि भेट्नेछन् । यसैले असोज ३ मा त्रिपक्षीय भिडन्त हुन लागेको हो । यी तीनवटै फिल्मका निर्माताहरु यो मितिबाट टसमस हुने देखिएको छैन ।

असोज ११ गते भने नेपाली फिल्म लाग्ने छैनन् । किनकि, यो मितिमा साउथ सुपर स्टार जुनियर एनटीआरको फिल्म 'देवरा' आउँदैछ । पहिला यो मितिमा 'ह्रस्व दीर्घ' आउने तय थियो । तर, 'देवरा'को डरले एक हप्ता अघि सऱ्यो । यो फिल्म आएको एक हप्तापछि दशैं लाग्नेछ । दशैं भनेको फिल्म रिलिजका लागि सबैभन्दा उक्त समय हो । र, यसपालिको दशैंमा रिलिजको ठूलो चाप देखिँदैछ ।

असोज १७गते फूलपातीमा निश्चल-स्वस्तिमा दम्पतीको 'बेहुली फ्रम मेघौली' र 'चपली हाइट' निर्माता अर्जुन कुमारको 'सानो संसार' भिड्ने तयारीमा छन् । यसपछि असोज २४ गते फूलपातीमा फिल्म 'छक्का पञ्जा ५' रिलिज हुँदैछ । अभिनेता विराज भट्टको फिल्म '१२ गाउँ'लाई पनि दशैंमै रिलिज गरिँदैछ । तर, यसको दिन भने तोकिएको छैन । सम्भवत: 'छक्का पञ्जा ५'सँग भिडन्त हुनसक्छ ।

विगतमा असोज महिनामा रिलिजको चाप यतिविघ्न देखिएको थिएन । दशैं (घटस्थापना र फूलपाती)मा समेत बढीमा दुईवटा फिल्म रिलिज हुन्थे । गत वर्ष यही भएको थियो । तर, यसपटक असोजमा सार्वजनिक विदा धेरै हुनु र यस वर्ष फिल्म निर्माणको चाप पनि बढेकाले भिडन्तको अवस्था आएको हो ।

यद्यपि, अहिले एउटै मितिमा दुईवटा फिल्मसम्म आउँदा बजारले धान्न सक्ने अवस्था छ ।

# विवाद बिर्सिएर भुवन, प्रदीप र पूजाको अंकमाल



काठमाडौं/नेपाली फिल्ममा कलाकारबीचको विवाद नौलो होइन । कुनै समय आरोप-प्रत्यारोप गर्ने कलाकारबीच केही समयपछि हार्दिकता पनि पलाएको देखिन्छ । मंगलबार दिनेश डीसी प्रोडक्सनले लण्डन अवार्डबारे जानकारी दिन आयोजना गरेको पत्रकार सम्मेलनमा यस्तै देखियो ।

गत वर्षसम्म एकअर्काविरुद्ध खनिएका भुवन केसी र प्रदीप खड्काले पत्रकार सम्मेलन अवधिभर हार्दिकता देखाए । उनीहरुको मेलमिलाप हेर्दा लाग्थ्यो- यी दुईबीच कहिल्यै केही भएकै छैन ।

'प्रेमगीत ३' रिलिजको बेला प्रदीपले खुलेरै चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीको राजीनामा मागेका थिए । त्यसपछि भुवनले पनि सार्वजनिक मञ्चबाट प्रदीपको उछितो काढे ।

मंगलबारको पत्रकार सम्मेलनमा यस्तै अर्को दृश्य पनि देखियो, जहाँ भुवन र अभिनेत्री पूजा शर्माले पनि मेलमिलाप दर्शाए । हलमा छिरेकी पूजाले भुवनलाई नमस्कार गरेर अभिवादन गरिन् । केही समयअघि एउटा फिल्मको प्रिमियरमा उनले भुवनको गाला मुसारेको भन्दै आलोचना समेत भएको थियो ।

**लण्डनमा नेपाल फिल्म फेस्टिभल**

बेलायतको लण्डनमा जुलाई ७ देखि २० सम्म नेपाल फिल्म फेस्टिभलको आयोजना हुँदैछ । दिनेश डीसी प्रोडक्सनको व्यवस्थापनमा हुन लागेको यो फेस्टिभलमा पाँच नेपाली फिल्म स्क्रिनिङ हुने जनाइएको छ ।

अन्तिम संस्कार र हल्कारा प्रदर्शन भइसकेका छन् । जुलाई १४ मा टुल्की र प्रसाद २ प्रदर्शन हुनेछन् । समापन कार्यक्रम २० तारिखमा 'सरिता' प्रदर्शन हुनेछ ।

समापन समारोहमा नेपालबाट शम्भुजीत बास्कोटा, भुवन केसी, दिलीप रायमाझी, प्रदीप खड्का, पूजा शर्मा, बेनिशा हमाल, कविता नेपाली, नरेन खड्का, दिनेश डीसी, एलिश कार्की, अनिता चलाउने लगायत कलाकार त्यसतर्फ जाने बताइएको छ । संगीतकार बास्कोटालाई लाइफटाइम अचिभमेन्ट प्रदान गरिने भएको छ ।

# आन्तरिक ऋण लिन प्रदेश र स्थानीय तहलाई खुल्यो ढोका

काठमाडौं/यसअघि संघीय सरकारले मात्र लिइरहेको आन्तरिक ऋण अब स्थानीय र प्रदेश सरकारले समेत लिन पाउने भएका छन् । कानुन अभावमा तल्ला सरकारले आन्तरिक ऋण उठाउन पाएका थिएनन् । सरकारले १ चैत २०८० देखि लागु हुने गरी सार्वजनिक ऋण व्यवस्थापन नियमावली २०८० कार्यान्वयनमा ल्याएको छ । यो नियमावली कार्यान्वयनमा आएसँगै स्थानीय तहले आगामी आर्थिक वर्षबाट आन्तरिक ऋण समेत उठाउन पाउने भएका हुन् ।

कानुन अभावले चालु आर्थिक वर्ष (आव) २०८०/८१ सम्म तल्ला सरकारले आन्तरिक ऋण उठाउने भनी बजेटमा उल्लेख गरे पनि व्यवहारमा उठाउन पाएका थिएनन् । आगामी आव २०८१/८२ का लागि भने यो नियमावलीले आन्तरिक ऋण उठाउने बाटो खोलिदिएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका उपसचिव डिलाराम गिरीले जानकारी दिए ।

उनका अनुसार संघीय सरकारले जुन प्रक्रियाबाट आन्तरिक ऋण उठाउँछ, स्थानीय तह र प्रदेशले सोही प्रक्रियाबाट उठाउन सक्नेछन् । यसको सहजीकरणको काम भने सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाटै हुने उनले जानकारी दिए । 'आन्तरिक ऋण उठाउने प्रक्रिया सबै तहको उस्तै हुन्छ,' उनले भने, 'स्थानीय तह र प्रदेशका हकमा भने संघीय सरकारको स्वीकृति चाहिन्छ ।' नियमावली कार्यान्वयनमा आएसँगै आन्तरिक र वैदेशिक ऋण लिनसमेत स्थानीय र प्रदेशलाई बाटो खुलेको छ । किनकि, तीन तहकै सरकारले लिने सार्वजनिक ऋणको सीमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोक्ने गरेको छ । हरेक वर्ष आयोगले सीमा तोकिरहेको छ ।

आगामी आव २०८१/८२ का लागि आयोगले संघीय सरकार लाई कुल गार्हस्थ उत्पादन (जीडीपी) को ५ प्रतिशतमा नबढ्ने गरी उठाउन सिफारिस गरेको छ । प्रदेश सरकारका लागि संघ सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट रकम र आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको १२ प्रतिशत नबढ्ने गरी प्रदेश सरकारले आन्तरिक ऋण उठाउन सक्छन् । स्थानीय तहले समेत संघ र प्रदेश सरकार बाट प्राप्त हुने राजस्व बाँडफाँट रकम र स्थानीय सरकारको आन्तरिक स्रोतबाट प्राप्त हुने रकमको योगफलको १२ प्रतिशत नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्ने गरी आयोगले सिफारिस गरेको छ ।

नियमावली प्रावधान अनुसार प्रदेश सरकार वा स्थानीय तहबाट अनुरोध भई आए सम्बन्धित तहका लागि आन्तरिक ऋण व्यवस्थापन गर्ने काम कार्यालयले गर्ने छ । कार्यालयले संघ सरकार, प्रदेश सरकार र स्थानीय तहका लागि निष्कासन भएका तथा भुक्तानी भएका ऋणपत्रको अखिलेख राख्ने काम समेत गर्ने गरी तोकिएको छ ।

**स्थानीय तह र प्रदेशले आन्तरिक ऋण उठाउने प्रक्रिया कस्तो छ ?**

नियमावली अनुसार प्रदेश र स्थानीय तहले आन्तरिक ऋण उठाउनुपरे आयोगले निर्धारण गरेको सीमा र सम्बन्धित प्रदेश सरकार र स्थानीय तहको कार्यपालिकाको निर्णय सहित अर्थ मन्त्रालयमा सहमतिका लागि पठाउनुपर्छ ।

उक्त पत्र प्राप्त भएसँगै अर्थले सीमा, सम्बन्धित तहको सार्वजनिक ऋण परिचालन नीति, आन्तरिक ऋण लिन खोजेको योजना, योजनाबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि, ऋण भुक्तानी योजना लगायत अध्ययन गरी सहमति दिन सक्ने छ ।

सहमति पाएसँगै प्रदेश सरकार वा स्थानीय तहले कार्यालयलाई ऋण उठाउन लेखी पठाउन सक्नेछन् । त्यस्तो पत्र पाएपछि कार्यालयले सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहका लागि ऋण उठाउने छ । ऋण उठाउनु अघि कार्यालय र ऋण माग गर्ने प्रदेश सरकार वा स्थानीय सरकारबीच ऋण रकम, उपयोग गर्ने परियोजना र साँवा तथा ब्याज भुक्तानीको समय तालिका निर्धारण गरी ऋण सम्झौता हुने नियमावलीमा उल्लेख छ ।

**संघीय मन्त्रालयले गरायो सूचित**

आन्तरिक ऋण उठाउन कानुनी आधार तयार भएसँगै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहलाई आन्तरिक ऋणको सीमाबारे सूची गरेको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको सिफारिस पठाउँदै सूचित गरेको हो । स्थानीय तहले अहिलेसम्म आन्तरिक ऋण उठाउने गरी कुनै तयारी भने गरेको जानकारी प्राप्त नभएको नेपाल नगरपालिका संघका कार्यकारी निर्देशक कलानिध देवकोटा बताउँछन् ।

गाउँपालिकाहरूमा समेत यस्तो अभ्यास नभएको गाउँपालिका राष्ट्रिय महासंघका कार्यकारी अधिकृत राजेन्द्र प्याकुरेलले जानकारी दिए । प्रदेशतर्फ गण्डकी र मधेश प्रदेश सरकारले आन्तरिक ऋण उठाउने जमर्को गरेका छन् । आगामी आव २०८१/८२ को बजेटमा यी प्रदेशले आन्तरिक ऋण उठाउने गरी बजेट अनुमान गरेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# बजेट कार्यान्वयनमा काठमाडौंले गऱ्यो पाँच वर्षयताकै सुधार

काठमाडौं/काठमाडौं महानगरपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ मा ५० प्रतिशतभन्दा धेरै बजेट खर्च गरेको छ । काठमाडौं महानगरले चालु आव असार तेस्रो सातासम्म कुल बजेट २४ अर्ब १९ करोड ८४ लाखको ५१.०४ प्रतिशत अर्थात् १२ अर्ब ३५ करोड २७ लाख खर्च गरेको हो ।

यस्तै महानगरले चालु खर्च ६४.४ प्रतिशत गरेको छ । चालु खर्चतर्फ ९ अर्ब ५ करोड बजेट विनियोजन भएकोमा महानगरले ५ अर्ब ८३ करोड खर्च गरेको हो । महानगरले चालु आव पूँजीगत खर्चमा उल्लेख्य वृद्धि गरेको छ । १५ अर्ब १० करोड १० लाख छुट्याएकोमा खर्च ६ अर्ब ३९ करोड ६१ लाख अर्थात् ४२.३५ प्रतिशत खर्च गरेको हो ।

**बजेट कार्यान्वयनमा पाँच वर्षयताकै सुधार**

महानगरका अनुसार गत आव २०७९/८० मा २२ अर्ब ८३ करोड रुपैयाँको बजेट ल्याएको काठमाडौंले आर्थिक वर्ष सकिँदा जम्मा ९ अर्ब १८ करोड मात्रै खर्च गरेको थियो । यो ४०.४ प्रतिशत मात्रै हो ।

अघिल्लो आव २०७८/७९ मा काठमाडौं महानगरले ४४.३ प्रतिशत मात्रै खर्च गरेको थियो । १६ अर्ब ५२ करोड बजेट ल्याएकोमा ७ अर्ब ३१ करोड मात्रै खर्च गर्न सकेको थियो । २०७७/७८ मा १५ अर्ब ५६ करोड १५ लाख बजेट विनियोजन गरेकोमा ५ अर्ब ७० करोड अर्थात् ३६.७ प्रतिशत खर्च भएको महानगरले जनाएको छ ।

त्यस्तै २०७६/७७ मा १२ अर्ब ९८ करोड बजेट ल्याएकोमा ६ अर्ब ४५ करोड अर्थात् ४९.७ प्रतिशत खर्च भएको थियो ।

**पूँजीगत खर्च पनि वृद्धि**

काठमाडौं महानगरले पाँच वर्षअघि २०७६/७७ मा ७७ प्रतिशत चालु खर्च भएकोमा २०८०/८१ मा यो दर ६४ प्रतिशतमा झारेको छ । यस्तै २०७७/७८ मा २१ प्रतिशत, २०७८/७९ मा २९ र २०७९/८० मा २६ प्रतिशत रहेको पूँजीगत खर्चमा भने ठूलो अन्तरमा वृद्धि गरेको छ । यो पटक महानगरले १६ प्रतिशत खर्च वृद्धि गरेको छ ।

२०७६/७७ मा १२ अर्ब ९८ करोड बजेट ल्याएको थियो । जबकि, १२ अर्ब ३५ करोड २७ लाख रुपैयाँ खर्च चालु आवमा गरेको हो । काठमाडौं महानगर पालिकाका वित्त विभाग प्रमुख डा. शिवराज अधिकारीले खर्च वृद्धि हुनुको कारण महानगरले बोलपत्र मूल्यांकन समिति थपेर काम गर्दाको नतिजा रहेको बताए ।

'अघिल्ला आवहरूको बोलपत्र आह्वान हुँदा एउटा बोलपत्र मूल्यांकन समिति हुन्थ्यो, अहिले पाँच वटा समिति छ । त्यसैले पनि ठेक्का बढेकाले खर्च बढेको हो,' अधिकारीले भने । उनले यो वर्ष महानगरको प्राविधिक क्षेत्रमा काम गर्ने कर्मचारी बढाएर विकासे काम बढाउँदा पनि चालु आवमा खर्च बढेको बताए ।

महानगरका प्रमुख प्रशासकीय अधिकृत प्रदीप परियार महानगरले बजेट योजनाबद्ध र शीर्षगत रूपमा विनियोजन गरेर काम गर्दा खर्च बढाउन सकेको बताउँछन् ।

'हाम्रो मौज्दातको कारण बजेट ठूलो छ, तर पनि प्रतिशत बढ्नु भनेको विकास बढ्नु नै हो,' उनले भने । महानगर प्रवक्ता नविन मानन्धरले 'टिम स्पिरिटले काम गर्दा खर्च बढाउन सकेको बताए ।

*(स्रोत: अनलाइनखबर)*

# 'घरज्वाइँ'को स्क्रिप्ट पढ्दा नयाँ स्वादको लत बसेजस्तै भयो : दयाहाङ

काठमाडौं/सुपरस्टार दयाहाङ राईले पछिल्लो समय आदिवासी जनजातिको कथामा बनेका फिल्म लगातार गरिरहेका छन् । त्यसमध्येको एक हो, 'घरज्वाइँ' । यही शुक्रबार (असार २८ गते)बाट प्रदर्शनमा आउन लागेको फिल्ममा उनी मगर चरित्रमा छिन् । मगर समुदायमा वर्षौंदेखि प्रचलित घरज्वाइँ संस्कृतिमा आधारित भएर बनेको फिल्मले दर्शकलाई फरक कथा अनुभूति गराउने उनको विश्वास छ ।

उनी भन्छन्, 'अहिलेसम्म 'मेनस्ट्रिम'मा नआएको गज्जबको कथा छ यसमा । यसले सबैलाई 'कनेक्ट' गर्छ । आम नेपाली समुदायले सोचेभन्दा फरक कथा देख्न र बुझ्न पाइन्छ । फिल्मको सुन्दरता नै यही हो । मैले पनि यो फिल्मबाट मगर समुदायको संस्कृति बुझ्न पाएँ ।' यो फिल्ममा काम गरेपछि दयाहाङले मगर समुदायमा घरज्वाइँको प्रचलन किन छ भन्नेबारेमा समेत नजिकबाट बुझ्न पाए ।

'हामी प्राय: बुहारीमा राम्रो गुण होस् भन्ने सोच्छौं । हाम्रो नेपाली समुदायमा धेरैले सोच्ने नै यही हो । तर, मगर समुदायमा अर्कै चलन रहेछ,' दयाहाङ अगाडि भन्छन्, 'यो समुदायमा छोरी पाल्न सक्ने अथवा घरजम गरेर बस्न सक्ने क्षमता छ कि छैन भनेर घर ज्वाइँ राख्ने प्रचलन रहेछ । जुन मलाई पनि थाहा थिएन ।' यो फिल्ममा दयाहाङले घरज्वाइँ बस्ने पात्रको भूमिकामा अभिनय गरेका छन् ।

उनलाई पहिलोपटक 'घरज्वाइँ'को कथा पढ्दा भने नयाँ कुराको लत बसेजस्तै अनुभव भएको रहेछ । स्क्रिप्ट पढ्दाको क्षण स्मरण गर्दै उनी भन्छन्, 'कुनै-कुनै कुराको पहिलो स्वादमै लत बसेजस्तै भएको थियो मलाई । साह्रै आनन्दको कथा थियो । त्यो कथा र चरित्रमा काम गर्न सकियो वा सकिएन त्यो आफ्नो ठाउँमा छ । यद्यपि, प्रयास गरेका छौं । काम गर्दा चाहिँ रमाइलो भएको थियो ।'

फिल्ममा दयाहाङको जोडीको रुपमा देखिएकी अभिनेत्री मिरुना मगरलाई भने पात्रको नामले नै आकर्षित गरेको रहेछ । फिल्ममा उनको पात्रको नाम 'विञ्जुरी' छ । जसका अर्थ फूल हो, जुन एक्लै फूल्छ । दयाहाङको पात्रको नाम भने 'सोरो' हो । जसको अर्थ एक्लो तारा हुन्छ । मिरुना भन्छिन्, 'दुईटै एक्लो । एउटा धर्ति अनि अर्को आकाशको । नामको अर्थले नै मलाई लोभ्याएको थियो ।'

मगर समुदायकै भए पनि उनी यो समुदायको धेरै कुरामा जानकार थिइन् । स्क्रिप्ट पढ्दा धेरै कुरा बुझ्न पाएको उनको अनुभव छ । उनी भन्छिन्, 'स्क्रिप्टमा धेरै नयाँ कुरा थियो, जुन मैले कहिल्यै सुनेको थिइनँ । मैले कल्पना नै नगरेको कुरा पनि थियो । त्यसले गर्दा पनि म काम गर्न उत्साहित भएँ ।' उनी 'घरज्वाइँ'लाई सुन्दर प्रेमकथा मान्छिन् । दर्शकलाई पनि फिल्म मनपर्ने उनको विश्वास छ ।

अनिल बुढा मगरद्वारा निर्देशित फिल्ममा दयाहाङ, मिरुना र शिशिरसहित कविता आले, भोलाराज सापकोटा, पुष्कर गुरुङ, बुद्धि तामाङ, खड्कबहादुर पुन (खबपु), राज थापा, शिला आले, अनु थापा, बिना थापा मगर, सोनाम लामा, विवेश बुढा मगर, सुनिल मगर, सुरेश पुन आदिको अभिनय छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# मकवानपुरसहित ६ जिल्ला खेलकुद अध्यक्ष नियुक्त, मन्त्री मगरको असन्तुष्टि

साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ बागमती प्रदेश खेलकुद विकास परिषद्ले ६ जिल्लाको जिल्ला खेलकुद विकास समिति अध्यक्ष नियुक्तबारे विभागीय मन्त्रीले नै असन्तुष्टि जनाएकी छन् ।

परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारीकोएकपक्षीय निर्णयबाट भएको नियुक्तमाथि प्रदेशको युवा तथा खेलकुद मन्त्री रमा आलेमगरले असन्तुष्टि जनाउँदै नियुक्ति प्रक्रियामाथि छानबीन गर्ने बताएकी छन् । परिषद्ले साढे ३ महिनादेखि रिक्त रहेको १३ वटा जिल्ला खेलकुद विकास समितिमध्ये मकवानपुर, धादिङ, काभ्रे, सिन्धुली, काठमाडौं र सिन्धुपाल्चोक गरी ६ वटामा अध्यक्ष नियुक्त गरेको हो ।



चितवन, नुवाकोट, रसुवा, ललितपुर, भक्तपुर, दोलखा र रामेछाप जिल्लामा अध्यक्ष नियुक्त गरिएको छैन । मन्त्री मगरले बोर्डको बैठकको निर्णय नभई भण्डारीको एकल निर्णयबाट ६ जिल्लामा अध्यक्ष नियुक्त गरेको बताइन् । आफ्नो सहमतिबिना नै जिल्ला अध्यक्ष नियुक्त गरेको भन्दै असन्तुष्टि जनाएकी हुन् । 'बोर्डले एकल निर्णयको अधिकार दिएर हो वा होइन बुझ्न बाँकी छ ।

सदस्यसचिवले एकल निर्णय गरेर नियुक्ति दिएका हुन्, त्यो निर्णय मान्दिन,' मगरले भनिन् । मगरले अध्यक्ष नियुक्तिको निर्णय कार्यान्वयन नगर्ने बताइन् । भण्डारीले मंगलबार निर्णय गरेको र आजै उपलब्धहरुलाई नियुक्तिपत्र बाँडेको भन्दै कागजपत्र बुझ्ने व्यक्तिसँग बसेर थप छलफल गर्ने मगरको भनाई छ ।

मंगलबार परिषद्को कार्यालयमा निर्णय गर्दैगर्दा भण्डारीसँग भेट भएको र निर्णयमा असहमति राख्दै निर्णय आफूले नमान्ने र कार्यान्वयन नगर्ने बताउँदै त्यहाँबाट बाहिरिएको मगरले बताइन् । 'म आज निर्णय गर्दागर्दै पुगेको थिएँ । यसरी नियुक्त गर्नु ठीक होइन, म निर्णय मान्दिन, कार्यान्वयन गर्दिन भनेर त्यहाँबाट हिँडेको हुँ,' उनले भनिन्, । 'दुई चार दिन अगाडि नै मसँग नियुक्त गर्ने कुरा हुँदा मुख्यमन्त्रीसँग सल्लाह गरेर मात्रै गनुपर्छ भनेको थिएँ ।,'

जब की, भण्डारीको पाँच वर्षीय कार्यकाल २४ असार सोमबार सकिएको छ । कार्यकाल सकिएको भोलिपल्ट अर्थात आज मंगलबार उनले पुरानै मितिमा निर्णय गरेको मन्त्री मगरको भनाईबाट खुलेको छ । उनलाई तत्कालीन प्रदेश सरकारले २४ असार २०७६ मा सदस्यसचिव नियुक्त गरेको थियो । भण्डारीले भने २० असारमा अध्यक्षहरु नियुक्त गरेको जानकारी दिए । उनीसँग नियुक्ति प्रक्रियाबारे थप जानकारी लिन खोज्दा उनको फोन स्वीचअफ रहेकाले सम्पर्क हुन सकेन ।

६ जिल्लामा नेकपा माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी) बीच भागबण्डा गरेर अध्यक्ष नियुक्त गरिएको स्रोतको भनाइ छ । परिषद्का सदस्यसचिव भण्डारीले ४ जिल्ला अध्यक्ष माओवादी केन्द्रलाई र २ जिल्ला अध्यक्ष एकीकृत समाजवादीलाई भागबण्डा लगाएर अध्यक्ष नियुक्त गरेको यसअघि बताएका थिए । परिषद्ले खेलकुद विकास समिति मकवानपुरको अध्यक्षमा राज मोक्तान, धादिङको अध्यक्षमा प्रताप तामाङ, काभ्रेको अध्यक्षमा मानवीर वाइबा, सिन्धुलीको अध्यक्षमा वीर बहादुर थिङ, काठमाडौंको अध्यक्षमा सानुभाइ बलामी र सिन्धुपाल्चोकको अध्यक्षमा रामकृष्ण दंगाललाई नियुक्त गरेको हो ।

दलीय भागबण्डा अनुसार जिल्ला खेलकुद विकास समितिको अध्यक्ष नियुक्त गरिएको सदस्यसचिव भण्डारीले स्वीकार गरे । काठमाडौं र सिन्धुली जिल्ला एकीकृत समाजवादीलाई भाग लगाएको र बाँकी जिल्ला माओवादीले लिएको उनले बताए । माओवादीले खेलकुद विकास समितिको अध्यक्ष लिएको जिल्ला धादिङ मुख्यमन्त्री शालिकराम जम्कट्टेल, मकवानपुर सामाजिक विकासमन्त्री कुमारी मोक्तान, सिन्धुपाल्चोक भौतिक पूर्वाधार विकास मन्त्री युवराज दुलालको र काभ्रे मुख्यसचेतक रतनप्रसाद ढकालको गृहजिल्ला हो ।

'अध्यक्षहरु दलीय भागबण्डा अनुसार नै नियुक्त हुने हो । अर्को सरकार आएपछि अध्यक्ष नियुक्त गर्दा विवाद हुने भएपछि हामीले अहिले नै ६ वटामा अध्यक्ष नियुक्त गरेका हौं', भण्डारीले भने । अर्को सरकारलाई ७ वटा जिल्ला अध्यक्ष नियुक्त गर्ने बाटो राखिदिएको भण्डारीको भनाइ छ । 'बाँकी जिल्ला अध्यक्ष अर्को सरकारले नियुक्त गरोस् । हामीले उहाँहरुलाई पनि छोडिदिएका छौं', उनले भने । केन्द्रमा नेपाली कांग्रेस र नेकपा एमालेबीच नयाँ सरकार गठन गर्ने सहमति भएपछि बागमतीमा पनि सरकार फेरबदल हुने सम्भावना छ ।

नवनियुक्त अध्यक्षहरुको कार्यकाल ४ वर्षको हुनेछ । यसअघि दुई वर्ष अवधिको कार्यकाल सकिएर साढे ३ महिनाअघि १३ वटै जिल्ला अध्यक्ष बाहिरिएका थिए । परिषद्ले दुई महिना अगाडि मात्रै खेलकुद विकास नियमावली संशोधन गरेर जिल्ला खेलकुद विकास समिति अध्यक्षको कार्यकाल ४ वर्ष पुऱ्याएको थियो । प्रदेश खेलकुद विकास नियमावली, २०७६ को दोस्रो संशोधन गरेर कार्यकाल ४ वर्ष पुऱ्याइएको सदस्यसचिव भण्डारीले जानकारी दिए ।

# हिमालयन राइडर्सको कोरा राइड शनिबार हुने



साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/केही समयदेखि साइकल अभियानमा क्रियाशील अभियनकर्मीहरुको संस्था हिमालयन राइडर्स सोसाइटीले शनिबार हेटौंडामा कोरा साइकल च्यालेन्ज गर्ने भएको छ । कोरा अन्तराष्ट्रिय दिवस हो ।

करिव ३ वर्ष अघि हेटौंडामा स्थापना भएको हिमालयन राइडर्स सोसाइटी मकवानपुरले असार २९ गते शनिबार कोरा च्यालेन्ज आयोजना गर्न लागेको हो । सोसाइटीले यो तेस्रो संस्करणको रुपमा कोरा च्यालेन्ज गर्न लागेको हो । असार २९ शनिबार भुटनदेबी मन्दिरबाट सुरु हुने धार्मिक साइक्लयात्रा करिब २१ किमिको हुने बताइएको छ । यसका लागि प्रतिब्यक्ति एकसय ५० रुपैयाँ शुल्क तिरेर २ सय भन्दा बढीले आबेदन फर्म भरिसकेका छन् । विहान ६ बजे भुटनदेबी मन्दिरमा जम्मा हुने, ७ बजे ऱ्याली सुरु गर्ने तयारी भएको संस्थाका अध्यक्ष रामकुमार श्रेष्ठले बताए ।

भुटनदेबी मन्दिरबाट कर्रा हुँदै गुम्बाचोक, सिमेन्टरोड, कुष्माण्ड सरोबर त्रिबेणीधाम, गोरक्षश्वर, राप्तीरोड हुँदै बुद्धचोक, हनुमान मन्दिर, चौकीटोल ओरालो, लोकप्रियचोकबाट ओमशान्ति, जलेश्वर, बनश्खण्डी, मुक्तिनाथ, बुढानीलकण्ठ, दक्षिणकाली, रुद्रेश्वर, माछाप्लान हुँदै क्याम्पा रंगशाला, गर्दोई लक्ष्मीनारायण मन्दिर चिसापानी, भैरवरोड, चिल्ड्रेनपार्क रोडबाट पशुपतिनाथ मन्दिर हुँदै हुप्राचौरमा समापन गरिने छ ।

कार्यक्रममा लक्की ड्र गरेर भाग्यशाली २५ जना जतिले बिभिन्न खालका आकर्षक पुरस्कार पाउनेछन् । जेष्ठ महिला र पुरुष, कनिष्ठ उमेर समूहका महिला पुरुष पुरस्कृत गरिने आयोजक संस्थाले जनाएको छ । यो वर्षको कोरा राइडमा सहभागी हुनका लागि ललितपुर, कीर्तिपुर, काठमाडौं, सिमरा, सैनामैना, बुटवलबाट पनि साइकलप्रेमी सहभागी हुनेछन् । हालसम्म नाम दर्ता गर्ने जेष्ठ सदस्य ८४ वर्षीय नागरिक पनि छन् । ललितपुरबाट १५ जना भन्दा बढी महिला साइकलयात्रीको सहभागिता रहेन छ ।

हिमालयन राइडर्स सोसाइटीको आयोजनामा हुन लागेको यो तेस्रो संस्करण हो । कोराको तयारी अन्तिम चरणमा पुगेको सोसाइटीका अध्यक्ष श्रेष्ठले जानकारी दिएका छन् । संसारभर जुलाईको तेस्रो शनिबारका दिन आयोजना हुने कोरा च्यालेन्ज हेटौंडामा आयोजना गर्न लागेको हो । बिशेषगरी धार्मिक क्षेत्रको पर्यटकीय सम्भावनाको उजागर गर्ने उद्देश्यले आयोजना गरिने कोरा च्यालेन्ज शनिबार बिहान करिब २० वटा मन्दिर परिक्रमा गरिँदैछ ।

कोरा च्यालेन्जमा सहभागी हुने सबै साइकलयात्रीलाई टिसर्ट, प्रमाणपत्र प्रदान गरिने छ । यो कार्यक्रम सम्पन्न गर्न करिब ४ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको सोसाइटीका उपाध्यक्ष राजु थापामगरले जानकारी दिएका छन् । यो प्रतियोगितात्मक दौड वा ऱ्याली नभई बिशुद्ध धार्मिक क्षेत्रको प्रवर्द्धन गर्ने अन्तराष्ट्रिय अभियान भएको सोसाइटीका उपाध्यक्ष थापाले जानकारी दिएका छन् ।

# बाढीले बिगाऱ्यो नारायणी किनारको सौन्दर्य

चितवन, २५ असार/ पछिल्लो समयमा पर्यटकीय केन्द्रका रुपमा विकास हुँदै गएको चितवनको नारायणी नदी किनार गत शनिबार आएको बाढीले उधिनेर क्षति पुऱ्याएको छ । नारायणी नदी किनार ठूला सभा समारोह, मेला महोत्सव आयोजना गर्नेदेखि साँझ-बिहान टहल्नेहरुको रोजाइमा पनि पर्दै आएको छ । त्यसैले भरतपुर महानगरपालिकाले नदी किनारमा बाँध बाँधेर हरियो दुबो रोपेको थियो । मानिसहरुलाई हिँडडुल गर्न सहज होस् भनेर मोज्याक टाइलसमेत लगाइएको थियो ।

तर गत शनिबार आएको बाढीले नारायणी नदी किनारको त्यो सुन्दरतालाई बिगारेको छ । बाढीले झण्डै ८ सय मिटर जति लामो चौरलाई ठाउँ-ठाउँमा खोतलेर बगरमा परिणत गरिदिएको छ । नदी किनारमा ६४० मिटर लम्बाइको खुट्किला सहितको 'आरसीसी स्ट्रक्चर' लाई भने बाढीले क्षति गरेको छैन ।

महानगरपालिकाले नारायणी नारायणी नदी किनारलाई 'सीबीच मोडल' मा विकास गर्ने भनेर पूर्वाधार निर्माणका काम पनि गरिरहेको थियो । तर, यसपटक आएको बाढीले चौरलाई नै क्षति गरेपछि यसको सुन्दरता खलबलिएको छ ।

महानगरले 'सी बिच मोडेल' अनुसार ठाउँ-ठाउँमा बगैँचा, एउटा व्यवस्थित फुटबल मैदान, भलिबल, ब्याडमिन्टन कोर्ट, बिच भलिबल, अन्य खेलका लागि छुट्टै क्षेत्र, बालुवा तथा बालबालिकाको खेल्ने स्थान, अवलोकन क्षेत्र, विश्राम स्थल, शौचालय, पार्किङलगायतका संरचना निर्माण गर्ने गरी गुरुयोजना बनाएको थियो ।

नारायणी नदी किनारमा उद्योग वाणिज्य संघ चितवनले हरेक २-२ वर्षमा चितवन महोत्सव आयोजना गर्दै आएको छ । यस्तै एमालेको नवौं राष्ट्रिय महाधिवेशनको उद्घाटन सत्र पनि यही मैदानमा भएको थियो । हालै भरतपुर भ्रमण वर्षको भव्य उद्घाटनसमेत यही चौरमा भएको थियो । बाढीले खोतलेको नारायणी नदी किनारलाई मर्मत गर्न भरतपुर महानगरपालिकाले थप रकम र समय खर्चिनुपर्ने भएको छ ।

# राक्सिराङमा पुरक परीक्षा दिनेलाई नि:शुल्क तयारी कक्षा

साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ राक्सिराङ गाउँपालिकाले एसईई पुरक परीक्षामा सहभागी हुने परीक्षार्थीलाई नि:शुल्क अनलाईन तयारी कक्षाको व्यवस्था गरेको छ । गाउँपालिकाले मंगलबारदेखि अनलाइन कक्षाको सुरुवात गरेको हो ।



गाउँपालिकाले सूचना जारी गरेर शैक्षिक विकास तथा युवा रोजगार फाउण्डेसन बागबजार काठमाडौंसँगको सहकार्यमा नि:शुल्क तयारी कक्षा थालेको जानकारी दिएको हो । नि:शुल्क तयारी कक्षामा सहभागी हुन जुम आईडी-८७४ ६९५४ ७९३६ र पासकोड जीपीए प्रयोग गरी कक्षामा सहभागी हुन सकिने गाउँपालिकाले जनाएको छ ।

तयारी कक्षा अन्तर्गत हरेक दिन बिहान ६ बजे ऐच्छिक गणित (ओपीटी म्याथ), बेलुका ५ बजे सामाजिक, बेलुका ६:१० बजे अग्रेजी, बेलुका ७:१५ बजे गणित र बेलुका ८:२० बजे विज्ञान विषयको कक्षा हुनेछ ।

गाउँपालिकाले आज हुने कक्षाका बारेमा आजैमात्र सूचना जारी गरेको भन्दै कतिपय स्थानीयले आलोचना गरेका छन् । कम्तिमा पनि एकहप्ता अघि सूचना जारी भएको भए विद्यार्थीले बजारमा बसेर खर्च गरेर तयारी गर्नुपर्ने बाध्यता हट्ने थियो भन्दै स्थानीयले आलोचना गरेका हुन् ।

# मकवानपुरका ३ पालिकाले अझै बजेट पेश गरेनन्

साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ मकवानपुरको १० स्थानीय तहमध्ये ३ स्थानीय तहले अझै बजेट आफ्नो बजेट कार्यपालिकामा पेश नै नगरेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको तथ्यांक रहेको छ ।

मन्त्रालयको आर्थिक वर्ष २०८१/८२ को पोर्टलमा २४ असार रातीसम्मको अपडेठअनुसार बकैया, बागमती र भीमफेदी गाउँपालिकाले सभामा बजेट पेश नै नगरेको देखिएको छ । भीमफेदी गाउँपालिकाले २४ असारमा बजेट पारित गरेको छ । बागमती गाउँपालिकाको जनप्रतिनिधिबीच बजेटको विषयमा विवाद भएको र विवाद उच्चअदालत पुगेकाले गाउँसभामा बजेट पेश नै हुन पाएको छैन ।

जिल्लाको १० पालिका मध्ये हेटौंडा उपमहानगरपालिकाले २ असारमा पेश गरी ७ असारमा बजेट पास गरेको छ । त्यस्तै थाहा नगरपालिका र इन्द्रसरोवर गाउँपालिकाले ७ असारमा पेश गरेर ७ असारमै बजेट पास गरेको छन् । कैलाश, मकवानपुरगढी र राक्सिराङ गाउँपालिकाले १० असारमा पेश गरेर १० असारमै बजेट पास गरेका छन् भने मनहरी गाउँपालिकाले १० असारमा पेश गरेर २० असारमा पास गरेको पोर्टलमा तथ्यांक अद्यावधिक छ ।

यसरी अहिलेसम्म बजेट पेश नगर्ने स्थानीय तहको संख्या बागमती प्रदेशमा ११९ मध्ये ४७ वटा रहेका छन् भने देशभर २८६ पालिकाले अझै बजेट पेश गरेका छैनन् । नेपालमा स्थानीय तहको संख्या ७५३ रहेको छ ।


भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

3 YEARS HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, PADIOGRAPHY

SEE/SLC पास पछिको ३ वर्ष प्रमाण पत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८१/०८२ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका, (SEE/SLC) परीक्षामा गणित, अंग्रेजी र विज्ञान विषयलाई समग्रमा Grade Point Average (GPA) न्युनतम २ प्राप्त हुनु पर्नेछ ।

MTI का विशेषताहरू

- उत्कृष्ट एवम् अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराइने
- उत्कृष्ट पूर्वाधार प्राप्त OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवम् मनोरम शैक्षिक वातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराइने
- उत्कृष्ट ल्याबको सुविधा
- उत्कृष्ट नतिजा
- २९ वर्षदेखि निरन्तर चलिरेहेको संस्था

फारम शुल्क रु.१५००/-

कार्यक्रमहरू

| | |
|---|---|
| Health Assistant (HA) | 40 सिट |
| PCL Lab Technology | 30 सिट |
| PCL Radiography | 30 सिट |
| PCL Physiotherapy | 40 सिट |

फारम वितरण मिति : २०८१/०३/१६ गते आइतबार देखि
फारम बुझाउने अन्तिम मिति : २०८१/०४/१३ गते आइतबार बेलुका ४:३० सम्म
प्रवेश परीक्षा सञ्चालन हुने मिति : २०८१/०४/१९ गते विहान ८:०० बजे

मकवानपुर टेक्निकल इन्ष्टिच्युट
हेटौंडा-५, भैरवरोड
सम्पर्क : ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२

सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

"हाम्रो आधुनिक राम्रो आधुनिक, राम्रो आधुनिक हाम्रो आधुनिक"
"गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता"

श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय
हेटौंडा-४, मकवानपुर

भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

शैक्षिक सत्र २०८१/०८२ को लागि कक्षा ११ मा (+2 science) मा नयाँ भर्ना खुल्यो

हामीलाई विश्वास गर्नुहोस्, तपाईंको सक्षमताको ढोका हामी खोल्छौं ।

अध्यापन हुने विषयहरू

| विज्ञान संकायतर्फ | शिक्षाशास्त्र तर्फ | व्यवस्थापन तर्फ |
|---|---|---|
| क. भौतिक विज्ञान (Physics) | क. अंग्रेजी (English) | क. विजनेस स्टडिज (Business studies) |
| ख. रसायन विज्ञान (Chemistry) | ख. नेपाली (Nepali) | ख. अर्थशास्त्र (Economics) |
| ग. जिव विज्ञान (Biology) | ग. गणित (Math) | ग. गणित (Basic Math) |
| घ. कम्प्युटर विज्ञान (Computer) | | |

प्राविधिक तर्फ
क. कम्प्युटर सफ्टवेयर

हाम्रो विशेषताहरू:

- ब्रिटिस काउन्सिलद्वारा अन्तर्राष्ट्रिय मान्यता प्राप्त ISA 2020/2023 द्वारा सम्मानित मकवानपुरको पहिलो र एक मात्र विद्यालय
- पूर्ण मल्टिमिडियाको प्रयोग
- व्यवस्थित तथा उत्कृष्ट विज्ञान प्रयोगशालाको व्यवस्था
- विद्यार्थीको व्यक्तिगत पहिचान सहित तयारी
- कमजोरी विद्यार्थीलाई अतिरिक्त कक्षाको प्रबन्ध
- न्युनतम लागतमा अधिकत्तम सन्तुष्टि
- समाय समयमा अतिरिक्त क्रियाक्लाप संचालन हुने
- विभिन्न अन्तर्राष्ट्रिय प्रोजेक्ट माध्यमद्वारा (भारत, जापान, मलेसिया, बेलायत, इजिप्ट पेलिष्टाइनका विभिन्न विद्यालयहरुसँग) शिक्षण सिकाई क्रियाकलाप गरिरहेको
- गरिब तथा जेहनदार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था

मो सगिम (समिन खान) अध्यक्ष ९८११८८२२८६
श्री रामसागर गुरागाई प्रधानाध्यापक ९८५५०६०९३३
श्री राजाराम पोखरेल ९८४५४६३१८८
श्री संतिश आचार्य ९८४५०३०७८७
श्री आधुनिक राष्ट्रिय मा.वि. ०५७-५२०७६६


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना